
# लेखापरीक्षण प्रतिवेदन

# कोल्हवी नगरपालिका, बारा

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# कोल्हवी नगरपालिका, बारा

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख — महालेखापरीक्षक

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/362

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री प्रमुखज्यू,

कोल्हवी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,

कोल्हवी, बारा ।

**कैफियतसहितको राय।**

हामीले कोल्हवी नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । नगरपालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत बार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त गरी खर्च भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.१७ करोड ८६ लाख ३६ हजार, एकिकृत स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ३३ लाख ५ हजार र राष्ट्रपति महिला सशक्तिकरण परियोजनाको रु. ८ लाख ३७ हजार समेत गरी रु.१८ करोड २७ लाख ७८ हजार समावेश गरेको छैन।

२. नगरपालिकाको लागि संघीय सरकारबाट अनुदान रू.२५ करोड ६१ लाख ४७ हजार प्राप्त भएकोमा वर्षान्तसम्म खर्च हुन नसकी रू.२ करोड ६४ लाख ६ हजार बचत रहेको छ । उक्त रकम आर्थिक वर्षभित्र सङ्घीय सञ्चित कोषमा फिर्ता गरेको छ । सङ्घबाट प्राप्त भएको अनुदान रकम खर्च हुन नसक्दा स्वीकृत कार्यक्रम कार्यान्वयनमा असर परेको छ ।

३. नगरपालिकाको रु.१ अर्ब १४ करोड ६६ लाख ६ हजार लेखापरीक्षण गरिएकोमा रू.३ करोड ७६ लाख ६२ हजार बेरुजू देखिएको छ। पालिकाबाट प्रारंभिक प्रतिवेदन उपर प्रतिक्रिया प्राप्त भएको छैन। यस वर्षको असुल गर्नुपर्ने रू. ९६ लाख ६४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२ करोड १५ लाख ९९ हजार, नियमित गर्नुपर्ने रु.३८ लाख ८४ हजार र पेस्की बाँकी रु.२५ लाख १५ हजार गरी रु.३ करोड ७६ लाख ६२ हजार बेरुजु कायम भएको छ। गत वर्षसम्म रु.८१ करोड ८७ लाख ४३ हजार बेरुजू बाँकी रहेकोमा यस वर्ष समायोजन र फस्यौंट एवं यस वर्ष कायम बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजू रु.८५ करोड ८ लाख ८२ हजार रहेको छ। **बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजुस्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।**

४. नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

### अन्य बेहोरा

लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस प्रतिवेदनमा औल्याइएको छ।

### वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

### वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित

आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय कारोवारको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।



( ईन्द्र प्रसाद आचार्य )

नायब महालेखापरीक्षक

चालु वर्षको बेरुजु

बेरुजु वर्गीकरण

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५५ | ३० | ३,७६,६१,६२४ | ० | ० | ० | ० | ५५ | ३० | ३,७६,६१,६२४ | ९६,६४,११८ | ३८,८३,८९१ | २,१५,९८,६१६ | ० | ० | २,५४,८२,५०८ | २५,१५,००० |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बारा | ८१,८७,४२,९७६ | ० | ८९,३१,१३५ | ८०,९८,११,८४१ | ३४,०९,००० | ३,७६,६१,६२४ | ८५,०८,८२,४६५ |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७९/८० | | पेश्की बाँकी | ५३,०२,१३५ |
| २ | २०७७/७८ | | पेश्की : | ३२,५९,००० |
| | २०७५/७६ | ६४ | पेश्की : | १,९२,००० |
| | २०७५/७६ | ६४ | पेश्की : | १,३३,००० |
| | २०७६/७७ | ७० | पेश्की : | ४५,००० |
| जम्मा | | | | ८९,३१,१३५ |

# (८०२२१४०१३०० - कोल्हवी नगरपालिका, बारा )

# परिचय

१ **प्रारम्भिक खण्ड**

**(क) कार्यालय परिचय :-** स्थानीय तह उपलव्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक क्रियाकलापहरु संचालन गर्नु नगरपालिकाको मुख्य उद्देश्य रहेको छ । यस पालिकामा ११ वडा, क्षेत्रफल १५७.४० वर्ग कि मी तथा जनसंख्या ४६०३५ रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।०८।२७ देखि २०८१ ।९।१ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) लेखापरीक्षणका क्रममा असुली: लेखापरीक्षणका क्रममा दाखिला गर्न बाँकी राजश्व दाखिला भएको रु.१३२७००

**(च) आर्थिक कारोबारको स्थिति :-**

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेटनिकाय) | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणीनं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | |
| | | | नगद | तेस्रोपक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रोपक्ष भुक्तानी (सोझै भुक्तानी |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | |
| ११००० | कर | | १०२१२७०७१.८६ | ० | १०२१२७०७१.८६ | १२७६३९३८०.८९ | ० |
| १३००० | अनुदान | | ३६६२८८७१८.५ | ० | ३६६२८८७१८.५ | ४३१३०१७५०. | ० |
| १४००० | अन्यराजस्व | | ४१८२२८४९.२९ | ० | ४१८२२८४९.२९ | ६७२७०५२८.२३ | ० |
| क | कुल जम्माप्राप्ति | | ५१०२३८६३९.६५ | | ५१०२३८६३९.६५ | ६२६२११६५९.१२ | |
| ३ | चालु | | ३४२०७७४५९.४८ | ० | ३४२०७७४५९.४८ | ३५८१७५३२९.५५ | ० |
| २१००० | पारिश्रमिक / सुविधा | | २३५१८९११३.०५ | ० | २३५१८९११३.०५ | २३४९१५४७०.४९ | ० |
| २२००० | मालसामानतथा सेवाको उपयोग | | १०५८७८८४६.४३ | ० | १०५८७८८४६.४३ | १२०८७६०४३.०६ | ० |
| २५००० | सहायता (Subsidy) | | ६०००००. | ० | ६०००००. | ११९३६८९. | ० |
| २८००० | अन्य खर्च | | ४०९५००. | ० | ४०९५००. | ११९०१२७. | ० |
| ४ | पूंजीगत | | १९८७६८९०८.५ | ० | १९८७६८९०८.५ | २७०३४७५२०.८ | ० |
| ३१११० | भवन तथासंरचना | | ७९३६५६. | ० | ७९३६५६. | ० | ० |
| ३११२० | सवारीसाधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | ३२३४८८२. | ० | ३२३४८८२. | ५७०३७८६. | ० |
| ३११३० | अन्यपूँजीगत खर्च | | ० | ० | ० | २३७१३३९१.८ | ० |
| ३११५० | सार्वजनिकनिर्माण | | १७१०४०८८२. | ० | १७१०४०८८२. | १८४८१३४३२. | ० |
| ३११७० | पूँजीगतसुधार खर्च | | २३६९९४८८.५ | ० | २३६९९४८८.५ | ५६११६९११. | ० |
| ख) | कुल जम्माभुक्तानी | | ५४०८४६३६७.९८ | | ५४०८४६३६७.९८ | ६२८५२२८५०.३५ | |
| ग) | बचत / कमी (ग = क-ख ) | | -३०६०७७२८.३३ | | -३०६०७७२८.३३ | -२३१११९१.२३ | |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/ -) | | ४३१२८३३.२४ | | ४३१२८३३.२४ | -४१६६४७९.३३ | |
| घ.१) | कट्टी रकमभुक्तानी/ | | -४३७८९६. | | -४३७८९६. | -१००१५४७१.२५ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | दाखिला गर्न बाकी | | | | | | |
| ङ) | यस आ.ब.कोनगद तथा बैंक मौज्दात (बचत / (कमी)) ( ङ = ग+घ) | | -२६२९४८९५.०९ | | -२६२९४८९५.०९ | -६४७७६७०.५६ | |
| च) | गत आ.व.कोनगद तथा बैंक मौज्दात | | ५११३०९८२.४६ | | ५११३०९८२.४६ | ५७६०८६५३.०२ | |
| छ) | विनिमयनाफा/ घाटा तथा अन्य समायोजन | | | | | | |
| ज) | आ.व.अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | २४८३६०८७.३७ | | २४८३६०८७.३७ | ५११३०९८२.४६ | |

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण परीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले महालेखापरीक्षकबाट मिति २०७६।२।१९ मा स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

२.१ **वित्तीय विवरणको यथार्थता -** नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले आर्थिक कारोवार लेखा राख्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवार गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ती र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ ।तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१७८६३६५००, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम तर्फ रु.३३०५००० र राष्ट्रपति महिला शशक्तिकरण परियोजना तर्फ रु.८३७४६० गरी जम्मा रु. १८२७७८९६० सुत्रमा लेखा राखेको छैन । जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ ।

२.२ **फरक हिसाब** – यस नगरपालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा नगरपालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गरेकोमा उक्त दुई विवरणमा देहाय अनुसार गत वर्षको जिम्मेवारी रु.३८४३८९११, यस वर्षको प्राप्ती रु.२४३०२३९६० यस वर्षको भुक्तानी रु.२०४३१६५७९ र बैङ्क मौज्दात रु.२६८४७० फरक परेको छ । सुत्रमा नगरपालिकाको

सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले नगरपालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | ५११३०९८२.४६ | ५६०१५५५५१.२६ | ५८६४५०४४६.३५ | २४८३६०८७.३७ |
| एकीकृत आर्थिक विवरणअनुसार | १२६९२०७१.५५ | ८०३१७९५११.३ | ७९०७६७०२५ | २५१०४५५७.३७ |
| फरक | ३८४३८९११ | (२४३०२३९६०) | (२०४३१६५७९) | (२६८४७०) |

२.३ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| खाताको प्रकार / बैंकको नाम (खाता नं) | खाताअनुसार बाकी रु | बैंकअनुसार बाकी रु | फरक | कैफियत |
|---|---|---|---|---|
| ग २.७ - विविध खर्च खाता / कृषि विकास बैंकलिमिटेड , ०५२६७०१३७४३८९१३३ | ९६,९२६.०० | 0 | 0 | |
| ग ३.१ - स्थानीय तह धरौटी खाता / कृषि विकास बैंकलिमिटेड , ०५२६७०१३७४३८९०३६ | ६६,६०,७६६.७० | 0 | 0 | |
| ग ४.१ - स्थानीय तह सञ्चित कोष खाता / कृषि विकासबैंक लिमिटेड , ०५२६७०१३७४३८९०४४ | १,८४,४३,७९०.६७ | 0 | 0 | |
| जम्मा | २,५२,०१,४८३.३७ | 0 | 0 | |

२.४ **कर दायित्व** – आयकर ऐन २०५८ को दफा ८८ वमोजिम कट्टा गरेको रकम सम्वन्धित खातामा दाखिला गर्नु पर्ने व्यवस्था छ। नगरपालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु. ४३७८९६ देखाएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अत: उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,३७,८९६ |

३ **बजेट तथा कार्यक्रम**

३.१ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपप्रमुखले मिति २०८०।०३।१० गते रु ६४ करोड ३८ लाख ८० हजार बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८०।०३।२० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।०३।२५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

३.२ **क्षेत्रगत बजेट तथा खर्च :** स्थानीय तहको एकीकृत समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस नगरपालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ ।लक्ष्य अनुसार

खर्च गरी पूर्वाधार विकास गर्न पालिकाले ध्यान दिनु पर्दछ ।

| क्र.सं. | क्षेत्र/उपक्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिकविकास | ११६०००००. | ८१२८४२५.५ | ७०.०६ |
| २ | सामाजिकविकास | २९०५२२०००. | २४३०८४७८३.५ | ८३.६७ |
| ३ | पूर्वाधारविकास | २३९३३००००. | १६१३४३६२०. | ६७.४१ |
| ४ | सुशासन तथाअन्तरसम्बन्धित क्षेत्र | ३३०००००. | २९३२७३४. | ८८.८७ |
| ५ | कार्यालयसञ्चालन तथा प्रशासनिक | १३०४१४०००. | १२५३५६८०४.९८ | ९६.१२ |
| कुलजम्मा | | ६७५१६६०००. | ५४०८४६३६७.९८ | ८०.१ |

३.३ **योजनाको प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार ११ वडाको लागि वडागत र पालिकास्तरका कुल २४७ योजनामा वजेट विनियोजन गरेको छ।

| **क्र. सं.** | **कार्यक्रमको नाम** | **योजना सङ्ख्या** | **रु.२० लाखमाथिका योजना सङ्ख्या** | **रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या** | **रु.५लाखभन्दा कमका योजना सङ्ख्या** |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ५२ | ४ | ६ | ४२ |
| २. | वडास्तरीय | १९५ | ४ | ४७ | १४४ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनुका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १४७ योजनामात्र कार्यान्वयन भई १०० योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

३.४ **लक्ष्य प्रगति :** पालिकाले चौमासिक र बार्षिक स्तरको प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा आफूले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति प्रतिवेदन तयार गर्नु पर्दछ

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | | |
|---|---|---|---|---|---|---|
| | | शून्य प्रगती | २५प्रतिशत सम्म | ५० प्रतिशत सम्म | ७५ प्रतिशत सम्म | *७५ प्रतिशत भन्दा माथि* |
| **कार्यक्रम संख्या** | २४७ | १०० | ५ | ६ | ११ | १२५ |
| **वडा तर्फ** | १९५ | ८८ | १ | ३ | ७ | ९६ |
| **पालिका तर्फ** | ५२ | १२ | ४ | ३ | ४ | २९ |

३.५ **त्रैमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| **क्र.स.** | **बजेट उपशिर्षक** | **कुल खर्च** | | **त्रैमासिक खर्च** | | | |
|---|---|---|---|---|---|---|---|
| | | | **प्रथमत्रैमासिक** | **दोस्रो त्रैमासिक** | **तेश्रो त्रैमासिक** | **चौथोत्रैमासिक** | **असार** |
| १ | पूँजिगत | १९,८७,६८,९०८.५० | २,२९,७१,३०३.०० | ४,५७,५८,६५८.०० | १,६७,७८,३००.०० | ११,३२,६०,६४७.५० | ७,७२, |
| | **प्रतिशत** | १००. | **११.५६** | २३।०२ | ८।४४ | **५६।९८** | ३८।८ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु. १९८७६८९०८।५० निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. २,२९,७१,३०३.००अर्थात ११.५६ प्रतिशत, दोश्रो त्रैमासिकमा रु. ४,५७,५८,६५८.००अर्थात. २३.०२ प्रतिशत र तेश्रो त्रैमासिकमा रु१,६७,७८,३००.०० अर्थात ८.४४ प्रतिशत र चौथो त्रैमासिकमा रु ११,३२,६०,६४७.५०अर्थात ५६.९८ .प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ७,७२,६५,६५७.५० अर्थात ३८.८७ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ ।

## ४ आय व्यय विश्लेषण:

४.१ **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय(गत वर्षको अल्या सहित) | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २३,४७,४०,९६८.५० | १,३२,७५,८२३.३० | ५।६५ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ५.६५ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४.२ **खर्च बिश्लेषणः** पालिकाले यसवर्ष कुल आन्तिरिक आय रु.१ करोड ३२ लाख ७५ हजार ८२३, राजस्व बाँडफाँड रु .१३ करोड ०६ लाख ०१ हजार ५९७ र अनुदानबाट रु.३६ करोड ६२ लाख ८८ हजार ७१९ समेत रु. ५१ करोड ०१ लाख ६६ हजार १३९ आम्दानी भएकोमा चालुतर्फ रु. ३४ करोड २० लाख ७७ हजार ४५९ र पूँजिगततर्फ रु.१९ करोड ८७ लाख ६८ हजार ९०८ गरी जम्मा रु. ५४ करोड ०८ लाख ४६ हजार ३६८ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.४५ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमको तुलनामा चालु तर्फ ६७.०५ र पूँजिगत तर्फ ३८.९६ प्रतिशतमात्र पुँजीगत खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## ५ आन्तरिक नियन्त्रण प्रणाली

५.१ **आन्तरिक लेखापरीक्षण शाखा :** प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

५.२ **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले कानुन बमोजिम लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ ।पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

५.३ **भ्रमण अभिलेख एवं प्रतिबेदनः** भ्रमण खर्च नियमावली, २०६४ अनुसार आफू कार्यरत क्षेत्रभित्र भ्रमण गर्दा दैनिक भ्रमण भत्ता नपाउने तथा एकै दिन गएर फर्किन सक्ने ठाउमा खाजा खर्च वापत दैनिक भ्रमण भत्ताको २५ प्रतिशत रकम दिन सकिने उल्लेख छ । नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची-६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ । पालिकाले विभिन्न पदाधिकारी तथा कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार भ्रमण खर्चबाट रु.१० लाख र अनुगमन मूल्याङ्कन बाट रु. ७ लाख ३० हजार गरी १७ लाख ३० हजार खर्च लेखेकोमा भ्रमण अभिलेख व्यवस्थित राखेको छैन साथै भ्रमण/अनुगमन प्रतिबेदन बेगर खर्च लेखेको दैनिक भ्रमण भत्ता भुक्तानी गरेको नियमित देखिएन । नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिवेदन राखेर मात्र भ्रमण खर्च लेख्नु पर्दछ ।

५.४ **विविध खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार खर्चको पुष्ट्याई हुने प्रमाण, कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष विविध खर्च वापत रु. १८ लाख ४४ हजार खर्च गरेको छ । विभिन्न समयमा खाना खाजामा खर्च गरेको रकमको विल पेश भएको गरेतापनि खर्च गर्नुपर्ने आधार स्पष्ट गर्ने गरेको देखिएन ।विविध खर्चबाट खाजा खानाका साथै सानातिना कार्यालय सम्बन्धी खर्च, आर्थिक सहयोग लगायतका भुक्तानी दिइएको छ। विविध खर्चको उद्देश्य र खर्चको यथार्थता प्रमाणित हुने गरी खर्च गर्नुपर्दछ ।

५.५ **ईन्धन खर्च विष्लेषणः** प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७७ को दफा १७ अनुसुची ४ र मधेश प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ बमोजिम पदाधिकारी, कर्मचारी र मधेश प्रदेश सरकारद्धारा प्रकाशित स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सेवा सुविधालाइ ब्यवस्थित गर्न बनेको ऐनको दफा ४ र अनुसूची बमोजिम पदाधिकारीले कार्यालय प्रयोजनको लागि मापदण्ड बमोजिम ईन्धन खर्च गर्नुपर्ने व्यवस्था छ। सवारीको प्रयोग, ईन्धन तथा अन्य उपभोग्य वस्तुको खपत र सोको

नियन्त्रण गर्न मलेप फारम ९०५ अनुसार सवारी साधन मेसिन प्रयोगको लगवुक राखे व्यवस्था छ। पालिकाले व्यवस्थित तरिकाले लगवुक राखेको देखिदैन। पालिकासँग भएका चारपाङ्ग्रे तथा दुई पाङ्ग्रे सवारी साधनमा १२ महिनामा उल्लेखित सुविधा तथा नम्स अनुसार रु.४१ लाख १३ हजार ३ सय खर्च हुनुपर्ने देखिन्छ। पालिकाले इन्धन कार्यालय प्रयोजनमा रु १ करोड २ लाख ३० हजार खर्च लेखेको छ। पालिकाले नम्स भन्दा रु. ६१ लखा १७ हजार /- बढी खर्च लेखेको छ। नर्मस अनुसार ईन्धनमा निम्नानुसार खर्च हुनुपर्ने देखिन्छ।

| विवरण | सुविधा मासिक | बार्षिकसुविधा | दर | रकम |
|---|---|---|---|---|
| कार्यालय प्रयोजन | डिजेल ३००लि | ६३०० | १६० | १००८००० |
| | पेट्रोल २२५लि | | | |
| प्रमुखले पाउने सुविधा | १२५ लि | १५०० | १६० | २४०००० |
| उपप्रमूखले पाउने सुविधा | १२५ लि | १५०० | १६० | २४०००० |
| मोविल तथा अन्य प्रमूख/उपप्रमूख | प्रति ४महिनामा १० लि | ३० | | २१००० |
| प्रति मोटरसाइकल मासिक | १० लि | ३७२० | १६० | २६०४००० |
| जम्माहुनुपर्ने रकम | | | | ४११३००० |
| सुत्र अनुसारको खर्च | | | | १०२३०००० |
| मापदण्ड विपरीत खर्च | | | | ६११७००० |

पालिकामा रहेको स्कार्पियो थान १, पिक अप थान १,टाटा सुमो थान १, जे.सी.बी. थान १, ट्रिपर थान ४, ट्याक्टर थान ४ र दमकल थान १ पनि रहेको र सो सवारीसाधनहरु तथा मेशिन उपकरणमा प्रयोग भएको इन्धनको प्रयोग गर्न पालिकाले कुनै मापदण्ड बनाएको देखिदैन। पालिकाले मापदण्ड नबनाएको र यी सवारी साधन तथा मेशिनरी औजारमा कति इन्धन खपत भयो सो को विवरण उपलब्ध पनि नगराएकाले माथिको तालिकामा स्कार्पियो र पिक अप बाहेक अन्य सवारी साधनको विवरण समेट्न सकिएन।

५.६ **आन्तरिक नियन्त्रण प्रणाली :** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ।तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन।यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

- उपभोक्ता समितिहरुले पेश गरेको बिल भरपाईहरु मूल्याङ्कन अनुसार भए नभएको यकिन गर्ने नगरेको,
- पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन,
- पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरी सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन,
- सञ्चालित योजनाको सूचनापाटीमा आयव्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ,
- यस पालिकामा कार्यरत सबै कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मूल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन,

- ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन,
- पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन,
- सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन,
- सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु.१० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले पुँजीगत तर्फ रु.१० करोड ११ लाख ५६ हजार, मसलन्द तथा कार्यालय सामग्रीमा रु. ३९ लाख २५ हजार लगायतका शीर्षकमा खरिद गरेकोमा खरिद योजना र खरिद गुरुयोजना तयार नगरी प्रतिस्पर्धात्मक विधि समेत नअपनाई सोझै खरिद कार्य गरेको छ,
- बैठक भत्ता बापत भुक्तानी भएकोमा नियमित कार्य प्रकृतिका लागि समेत बैठक बसेको भनी भुक्तानी गरेको छ ।
- पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरीकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो,
- पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन,
- संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन,
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को वुंदा २७ बमोजिम मन्त्रालय, विभाग, प्रदेश मन्त्रालय तथा पालिकाका प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रकृयाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । सो बमोजिम पालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुबिधा लिने ब्यक्तिले भत्ता लिए नलिएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन,
- पालिकाले एक आर्थिक वर्षको अन्त्यभित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसूची १४ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन,

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

६ **सम्पत्ति उपयोग र संरक्षण**

**जिन्सी व्यवस्थापन तथा जिन्सी निरीक्षण:** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा जिन्सी मालसामानको मौजुदा अवस्थाको बारेमा कम्तिमा वर्षमा १ पटक कार्यालय प्रमुख आफैले वा जिन्सी शाखाको जिम्मा लिने बाहेक अन्य कर्मचारीलाई जिन्सी निरीक्षण गर्न लगाई प्रतिवेदन लिनुपर्ने व्यवस्था छ। यस वर्ष पालिकाले जिन्सी निरीक्षण गरि मर्मत गर्नुपर्ने, लिलाम विक्री गर्नु पर्ने तथा मिन्हा गर्नुपर्ने भनि जिन्सी समानको पहिचान गरेको देखिन्छ तर लिलाम विक्रीको कार्बाही अगाडी बढाएको पाइएन। तोकिए अनुसार पुराना सामानहरूको मर्मत वा लिलाम गरी जिन्सी व्यवस्थापनलाई प्रभावकारी वनाउनुपर्दछ।

७ **संगठन तथा कर्मचारी व्यवस्थापन**

७.१ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ ।पालिकाले तयार गरेको संगठन ब्यवस्थापन सर्ववेक्षण अनुसार पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित पालिका तर्फ ४८ र वडा तर्फ ३३ गरी ८१ कर्मचारीको दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित ५० जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, कानुन अधिकृत इन्जीनियर,

शिक्षा अधिकृत सहित ३ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

७.२ **तलवी प्रतिवेदन:** निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं. २०७६/७७, च.नं. १८०,को पत्रबाट स्थानीय तहका कर्मचारी तथा संघबाट काजमा स्थानीय तहमा कामकाज गर्न खटिएका कर्मचारीहरुको हकमा सम्बन्धित जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालय बाट पारित गर्नुपर्ने उल्लेख छ। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगरी पालिकाका स्थायी कर्मचारीको रु. ३ करोड १० लाख खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

७.३ **करार सेवा:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । ऐनको दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा कर्मचारी नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकामा पालिका चालु बजेट उपशीर्षकबाट वर्षभरी नै तलव पाउने करार सेवामा केही कर्मचारी रहेका तथा पटके रुपमा समेत करार सेवामा कर्मचारी नियुक्ती गरी तलव खर्च लेखेको देखिन्छ। उल्लिखित पदहरुमा बाहेक सूचना प्रविधी अधिकृत, सिभिल इन्जिनियर, सव इन्जिनियर, अमिन, कम्प्यूटर अपरेटर सहायक कम्प्युटर अपरेटर लगायतका पदहरुमा पनि करारमा नियुक्त गरी पालिकाले विभिन्न पदमा १३८ जना कर्मचारी करारमा नियुक्त गरी वर्षभरीमा ३ करोड ७० लाख खर्च लेखेको छ । संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्दछ सोही अनुसार खर्च लेख्नु पर्दछ।

## ८ सेवा प्रवाह विवरण

**सेवाप्रवाहको स्थिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण देहाय बमोजिम रहेको जनाएको छ :

| | | |
|---|---|---|
| सेवाप्रवाहको स्थिति | | |
| विवरण | निवेदनदर्ता | सिफारिसभएको संख्या |
| स्वीकृत घरनक्सा दर्ता पास | 150 | 124 |
| पञ्जिकरणतर्फ | | |
| जन्मदर्ता | | 5489 |
| मृत्युदर्ता | | 1518 |
| बसाईसराई दर्ता | 555 | 555 |
| विवाह दर्ता | | 2479 |
| सम्बन्धविच्छेद दर्ता | | 44 |
| पूर्वाधार विकास सडक निर्माण | | प्राप्त नभएको |
| कालोपत्रे सडक निर्माण | | ४५ कि मि |
| कालोपत्रे सडक मर्मत | | प्राप्त नभएको |
| ग्राभेल सडक निर्माण | | ३५ कि मि |
| ग्राभेल सडक मर्मत | | १५ कि मि |
| पक्की सडक ढलान | | २० कि मि |
| कच्ची सडक निर्माण | | १५ कि मि |

## ९ कानून निर्माण एवं कार्यान्वयन

९.१ **कानून कार्यान्वयन स्थिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ५२ नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २५ वटा ऐन, २ वटा नियमावली, ३ वटा कार्यविधि, निर्देशिका ५ वटा गरी ३६ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ र ३६ वटा कानुन राजपत्रमा प्रकाशन भएका छन् ।

९.२ **न्यायीक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ७ रहेको र यो बर्ष ९८ विवाद दर्ता भएकोमा ६८ वटा मिला पत्र भएको १५ वटा मिलापत्र हुन नसकेको गरी यस आ व मा ८३ वटा विवाद फर्स्यौट भएको र १५ वटा विवाद फर्स्यौट हुन बाँकी देखिन्छ ।गत आ.व. को फर्स्यौट हुन बाँकी ७ वटाको जानकारी प्राप्त हुन सकेन। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

१० **धरौटी**

आर्थिक कार्यविधी तथा वितीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६ को उपनियम २(१) बमोजिम धरौटी रकम फिर्ता लिन पाउने म्याद प्रचलित कानूनले तोकेको भए सोही अवधि भित्र, म्याद नतोकिएकोमा जुन कामको लागि धरौटी राखिएको हो सो सम्बन्धी कारोबार अन्तिम रुपले समाप्त भएको मितिले एक बर्ष भित्र धरौटी फिर्ता पाउन सम्बन्धित कार्यालयमा नगदी रसिद साथ निवेदन दिनुपर्ने ब्यवस्था छ।साथै उक्त नियमको उपनियम ३ (२) मा म्यादभित्र धरौटी फिर्ता लिन नआएमा नियम ६७ बमोजिमको कार्यविधी अपनाई कार्यालय प्रमुखले राजश्वमा आम्दानी बाँध्नु पर्ने ब्यवस्था छ । यस पालिकाको आ.व. २०७९।८० को अ. ल्या रु. ५५,४१,१०५.७० र यस आ.व मा ५२,१५,१३१.०० गरी जम्मा रु १,०७,५६,२३६.७०, रहेको छ । आ.व २०८०/८१ मा धरौटी फिर्ता रु. ४०,९५,४७०.०० भएको र सदरस्याहा नभएको र बाँकी ६६,६०,७६६.७० रहेको देखिन्छ । पालिकाले फिर्ता गर्नुपर्ने म्याद सकिएको र धरौटी जफत गर्नुपर्ने रकम यकिन गरी प्रचिलित कानून बमोजिम प्रकृया पुर्‍याई सदरस्याहा गर्नुपर्ने देखिन्छ ।

११ **पेश्की व्यवस्थापन**

**चालु आ.व.को पेस्की बाँकी :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछर्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ।पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की गत आर्थिक वर्षको समेत फर्स्यौट नभई रु. २ करोड ५० लाख ४० हजार ४५२ बाँकी रहेको देखिन्छ। जस मध्ये आ.व.२०८०।८१को म्याद समाप्त भएको फर्स्यौट गर्न बाँकी रु.

| पेश्कीकोविवरण | पेश्की लिने ब्यक्ति, फर्म वा कम्पनीको नाम | पद | फछ्यौंटको अन्तिम म्याद | म्याद नाघेको | |
|---|---|---|---|---|---|
| भ्रमणखर्च | लक्ष्मी कुमारी चौधरी | उप प्रमुख | २०८०/०८/२८ | २०,०००.०० | |
| दलितआवास कार्यक्रम | जय शिवशंकर निर्माण सेवा | | २०८१/०३/२५ | २०,००,०००.०० | |
| चौतारानिर्माण, वेलवा | खुशीनन्दन चौधरी | | २०८०/१०/२६ | ४,९५,०००.०० | |
| कुल जम्मा | | | | २५,१५,०००.०० | |

| | |
|---|---|
| पेश्की | २५,१५,००० |

१२ **कर तथा शुल्क असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | प्राप्तिकोश्रोत | वार्षिकअनुमानित आय | आम्दानी |
|---|---|---|---|
| १ | ११३१३ -सम्पती कर | ० | ३८०० |
| २ | ११३१४ -भुमिकर/मालपोत | १०००००० | १९८४०२० |
| ३ | ११३१७ -वहाल कर | ५००००० | १२१४१२३ |
| ४ | ११३१८ -वहाल विटौरी कर | २५००००० | १५१९९८५ |
| ५ | ११४५१ -सवारी साधन कर (साना सवारी) | १६००००० | १५० |
| ६ | ११४५२ -पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ३०००००० | ३३३७५०० |
| ७ | ११६३१ -कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | २००००० | ० |
| ८ | ११६९१ -अन्य कर | ५००००० | ३९८०० |
| ९ | १४२१३ -अन्य बिक्रीबाट प्राप्त रकम | ५००००० | ५२३०० |
| १० | १४२१९ -अन्य सेवा शुल्क तथा बिक्री | ४००००० | ३८७७०० |
| ११ | १४२२९ -अन्य प्रशासनिक सेवा शुल्क | ० | ९००० |
| १२ | १४२४१ -पार्किङ्ग शुल्क | १००००० | ० |
| १३ | १४२४२ -नक्सापास दस्तुर | ५००००० | ८७८६९ |
| १४ | १४२४३ -सिफारिश दस्तुर | ० | २८४०६३३ |
| १५ | १४२४४ -व्यक्तिगत घटना दर्ता दस्तुर | ० | ८४१९६८ |
| १६ | १४२४५ -नाता प्रमाणित दस्तुर | ० | २६७०० |
| १७ | १४२४९ -अन्य दस्तुर | १२००००० | २४६१२८८ |
| १८ | १४२५३ -व्यावसाय रजिष्ट्रेशन दस्तुर | ३००००० | ५४०६५० |
| १९ | १४२५४ -रेडियो/ एफ.एम.सञ्चालन दस्तुर | १००००० | ० |
| २० | १४२६५ -अन्य क्षेत्रको आय | १११११३३००० | १९६४१७३५ |
| २१ | १४३११ -न्यायिक दण्ड, जरिवाना र जफत | २२२००० | २६३००० |
| २२ | १४३१२ -प्रशासनिक दण्ड, जरिवाना र जफत | ० | १६५००० |
| २३ | १४३१३ -धरौटी सदरस्याहा | ० | ५०५ |
| २४ | १४५२१ -प्रदुषण नियन्त्रण शुल्क | ३००००० | ० |
| २५ | १४५२९ -अन्य राजस्व | ० | १३४०१४८९ |
| २६ | १४६११ -व्यवसाय कर | ५००००० | ५२३१६० |
| जम्मा | | १२४५५५००० | ४९३४२३७५ |

पालिले यस वर्ष लक्ष्यको अनुपातमा ४० प्रतिशत लक्ष्य प्राप्त गरेको छ ।पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

१३ **राजस्व बक्यौता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । यस स्थानीय तहले विगत र यो वर्ष बन्दोबस्त गरेको आन्तरिक आय ठेक्कामा देहायअनुसारका व्यवसायी एवं व्यक्तिहरुबाट सम्झौता अनुसार रकम असुल गर्न बाँकी रहेको छ । आर्थिक वर्ष २०८०।८१ मा आय ठेक्का लागेको निम्नानुसार हाटबजारको राजस्व रकम असुल गर्न बाँकी रहेकोले सम्वन्धित ठेकेदार बाट असुल उपर गर्नुपर्ने रु.

| **क्र.स** | **हाटवजारको नाम** | **ठेकेदारको नाम** | **असुल गर्न बाकी रकम** |
|---|---|---|---|
| १ | कोल्हवी हाट बजार | निरेश चौधरी कोल्हवी ११ | ५३८००० |
| २ | प्रसौना हाट बजार | सोविन्द्र प्र.चौधरी कलैया १५ बारा | ६७०५० |
| ३ | अमाव हाट बजार | सोविन्द्र प्र.चौधरी कलैया १५ बारा | १२०५० |
| **जम्मा** | | | **६१७१००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,१७,१०० |

१४ **लाल बकैया नदी**

१४.१ स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ११ अनुसार ढुङ्गा, गिट्टी, बालुवा लगायतको खानीजन्य वस्तुको विक्री तथा निकासी शुल्क संकलन गर्ने अधिकार स्थानिय तहको रहेको छ । कोल्हवी नगरपालिकाको क्षेत्र भित्रमा पर्ने लालवकैया खोलाको ठेक्का आयको लागि २८४९८९६.३ व.फि उत्खननको लागि रु. २५६४९०६६.७० (भ्याट बाहेक) विद्युतिय बोलपत्र मार्फत ठेक्का आह्वान भएको र एक जनाको मात्रै वोलपत्र दर्ता भई रु.२५७०००००मा श्री सुवेदी निर्माण सेवाकोसंग सम्झौता भएको छ । सुवेदी निर्माण सेवाले अग्रिम आयकर वापत रु. ३८५५०० मु.अ.कर वापत रु. ३८५५०० र पहिलो किस्ताको रु. ८९९५००० रकम ठेक्का सम्झौताको बखत बैंक दाखिला गरेको र बाकी रकम बैंक ग्यारेन्टी जफत गरी पालिकाले रु. २५७००००० रकम आम्दानी गरेको छ । वातावरणीय प्रभाव मुल्यांकन अनुसार लालबकैया नदीको कुल संचिति १४८१५० वर्गमिटर रहेको र पालिकाले उत्खननको लागि २८४९८९६.३ वर्गफिट ठेक्का आह्वान गरेको मध्ये तोकिएको परिमाण भन्दा बढि उत्खनन भए नभएको अध्ययन निरिक्षण गरि प्रतिवेदन पेश गर्नुपर्दछ ।

१४.२ **आय बाडफाँट**- मधेश प्रदेश आर्थिक ऐन, २०७९ को दफा ९ मा बालुवा र गिटी ठेक्काबाट प्राप्त आयको ४० प्रतिशत रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्ने व्यवस्था छ। नगरपालिकाले यस वर्ष लाल बकैया नदिबाट बालुवा बिक्रीबाट प्राप्त आय रु. २५७०००००।- को ४० प्रतिशत रु. २०५३९०।- प्रदेश सञ्चित कोष दाखिला गरेको देखिएन । आर्थिक ऐन अनुसार प्राप्त आयको ४० प्रतिशत प्रदेश सञ्चित कोष दाखिला गरि प्रमाण पेश गर्नुपर्ने रु.

| **क्रम** | **कर्मचारीको नाम** | **असुली रकम** |
|---|---|---|
| १४.२.१ | कोल्हवी नगरपालिका | १०,२८०,००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,०२,८०,००० |

१५ **शिर्षक फरक पारी खर्च:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, 20७७ को नियम ४१(क) मा विभिन्न शिर्षक तथा कार्यमा स्वीकृत भएको रकम सो शिर्षक तथा कार्यको लागि मात्र खर्च गर्नुपर्ने व्यवस्था रहेको छ।पालिकाले नगर सभाबाट स्वीकृत भएको बजेट शीर्षक भित्र रही तोकिएको कार्यक्रममा खर्च गर्नु पर्दछ। सभाबाट स्वीकृत भएका केही कार्यक्रममा देहायका बजेट शीर्षकमा खर्च नगरी अन्य शीर्षकमा खर्च गरेको छ। यसरी तोकिएको शीर्षकमा खर्च नगरी फरक प्रयोजनमा खर्च गर्ने कार्यमा नियन्त्रण गर्दै निम्नानुसार गरिएको खर्च रु ५१५६०६ अनियमित देखिएको रु.

| गो भौ न मिति | कारोबारकोविवरण | खर्चलेखेको शिर्षक | हुनुपर्नेशिर्षक | भुक्तानीपाउने | रकम |
|---|---|---|---|---|---|
| १६-२०८०/०६/२६ | विभिन्न मुद्दामा बहस पैरवी र निवेदन मस्यौदा गरेको | मसलन्द तथा कार्यालय सामग्री | सेवा परामर्श | ओम प्रकाश केसरी ओम ल च्याम्बर | ९८५०० |
| ४१-२०८०/०६/३० | ल्यापटप मर्मत | मसलन्द तथा कार्यालय सामग्री | मे औ मर्मत | शर्मा मोबाइल एण्ड कम्प्युटर पार्टस | ३६७४० |
| ७४-२०८०/०७/०२ | वडा न ३ मा धारा जडान | मसलन्द तथा कार्यालय सामग्री | सार्वजनिक सम्पतिको मर्मत सम्भार खर्च | गुप्ता हार्डवेयर | ८४३३८ |
| १३७-२०८०/०७/२३ | सूचना प्रकाशन | मसलन्द तथा कार्यालय सामग्री | सूचना प्रकाशन | शान्ती मेडिया प्रा लिकलैयात्र | ९३५२४ |
| ३३४-२०८१/०१/२७ | मोवाइल रिचार्ज | मसलन्द तथा कार्यालय सामग्री | सञ्चार महसुल | अर्जुन इलेक्ट्रोनिक | ५८३०० |
| ३८०-२०८१/०२/१४ | सूचना प्रकाशन बापत पत्रपत्रिकालाइ भुक्तानी | सूचना प्रणाली तथा सफ्टवेयर सञ्चालन खर्च | पत्रपत्रिका तथा सूचना प्रकाशन खर्च | कोल्हवी मिडिया एण्ड इभेन्ट म्यानेजमेन्ट प्रा लि | ९७५१५ |
| ४९१-२०८१/03/२4 | इन्टरनेट महसुल भुक्तानी | मेशिनरी औजार मर्मत | सञ्चारमहसुल | परफेक्टकम्प्युटर इन्सटिच्यूट कोल्हवी | ४६६८९ |
| कुल जम्मा | | | | | ५१५६०६ |

| | |
|---|---|
| अनियमित भएको | ५,१५,६०६ |

१६ **मर्मत सम्भार खर्च:**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६(५) मा खर्चको पुष्टयाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष सवारी साधन मर्मत शिर्षकबाट रु. ६१ लाख १० हजार मेशिनरी तथा औजार मर्मत सम्भार तथा संचालन शीर्षकबाट रु. ६ लाख ९० हजार समेत रु. ६८ लाख खर्च लेखेकोमा अधिकांश मर्मत कार्य गर्दा मर्मत अभिलेख खाता राख्ने गरेको भएता पनि पूर्ण रुपमा मर्मत आदेश तथा मर्मत अभिलेख खाता संलग्न नगरेको तथा मर्मतबाट फिर्ता प्राप्त पार्टपूर्जा दाखिला गर्ने गरेको देखिएन। साथै मर्मत अभिलेख समेत राखेको छैन। कुन कुन मेशिनरी तथा सवारी साधन मर्मत गरेको हो यकिन गर्ने आधार देखिएन भने सम्बन्धित उपयोग कर्ताबाट मर्मत सम्पन्न भएको प्रमाणित गराई राख्ने गरेको देखिएन ।तसर्थ मरमत संभार गरेको पुष्टि हुने प्रमाण कागजात संलग्न गरी खर्च गर्नु पर्दछ।केही उदाहरणहरु देहाय वमोजिम उल्लेख गरिएको छ।

| मिति | भौ.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापकोनाम | भुक्तानीपाउने | खर्च |
|---|---|---|---|---|
| ८५-२०८0/०७/०२ | ८५ | मेशिनरी औजार मर्मत | शर्मा इलेक्ट्रोनिक्स कलैया | ५८१९५ |
| ८६-२०८0/०७/०२ | ८६ | मेशिनरी औजार मर्मत | नेशनल मल्टिपर्पज सप्लायर्स | ६१,७७१.०० |
| ८८-२०८0/०७/०२ | ८८ | कम्प्युटर प्रिण्टर मर्मत | वि.पि.ट्रेडर्स | ६४,६७०.०० |
| ३३८-२०८१/०१/२८ | ३३८ | मेशिनरी औजार मर्मत | आभाष ट्रेडर्स कोल्हवी | ४३५३७ |
| जम्मा | | | | २२८१७३ |

१७ **गैर सरकारी संस्थासँग कार्य:**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालिम, अभिमुखीकरण सबलीकरण, मूलप्रवाहीकरणजस्ता कार्य गैरसरकारी संस्थाबाट गराउँदा छिटो छरितो,, प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक निकायले गैर सरकारी संस्थाबाट त्यस्तो कार्य गराउन वा सेवा प्राप्त गर्न सक्ने व्यवस्था छ। स्थानीय स्तरमा सञ्चालन हुने तालिमका लागि संघ र प्रदेश सरकारद्धारा जारी भएको

मापदण्ड विपरित नहुनेगरी मापदण्ड बनाएर गर्नुपर्ने वा प्रदेश खर्च मापदण्ड निर्देशिका, बमोजिम तोकिएको दरमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।पालिकाले निम्नानुसारका तालिम तथा कार्यक्रम गैर सरकारी संस्थाबाट गराउँदा मधेश प्रदेश सरकारद्धारा जारी भएको प्रदेश खर्च मापदण्ड, २०७७ ले विभिन्न तालिम, गोष्ठी, सेमिनारको लागि निर्धारण गरेको नर्म्स भन्दा पनि बढी हुने गरी रु. ४३,२४५ खर्च लेखेको देखिन्छ ।यसरी प्रदेश खर्च मापदण्डले निर्धारण गरेको नर्म्स भन्दा विपरित कार्यविधि बनाई खर्च लेखेको असुल हुनुपर्ने रु.

| **भौ. नं./मिति** | **भुक्तानी पाउने** | **कार्यक्रम** | **नर्म्स** | **भुक्तानीहुनुपर्ने** | **भुक्तानी भएको** | **बढी भूक्तानी** |
|---|---|---|---|---|---|---|
| ४३४-२०८१/०३/१७ | जनमूखीसेवा नेपाल | लैंगिकसमानता समावेशीकरण कार्यक्रम | संयोजक ४०० | २,००० | ५,००० | २,५५० |
| | | | सहयोगी | २,५०० | १०,००० | ६,३७५ |
| कुल जम्मा | | | | | | ८,९२५ |
| ४४२-२०८१/०३/१८ | ग्रामिण उत्थान केन्द्र कलैया | महिला हिंसा सम्बन्धि अभिमूखिकरण कार्यक्रम | सहज कर्ता | ३,६०० | १०,००० | ५,४४० |
| | | | सह सहजकर्ता | २,८०० | ८,००० | ४,४२० |
| जम्मा | | | | | | ९,८६० |
| ४४३-२०८१/०३/८ | सगुन नेपाल | बालविवाह तथा दाइजो प्रथा उन्मूलन सम्बन्धी अभिमूखिकरण | सहज कर्ता | ३,६०० | १०,००० | ५,४४० |
| | | | सह सहजकर्ता | २,८०० | ८,००० | ४,४२० |
| | | | | | | ९,८६० |
| ४५८-२०८१/०३/२१ | बारा ट्रेनिङ्ग एण्ड सर्वे सेन्टर | लैङ्गिक समानता समावेशीकरण कार्यक्रम | विविध ३००० | ६,००० | २०,६०० | १४,६०० |
| कुल जम्मा | | | | | | ४३,२४५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४३,२४५ |

१८ **निर्माण कार्यको भुक्तानीमा धरौटी कट्टाः**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३(४) मा सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा रिटेन्सन मनी बापत रनिङ्ग वा अन्य कुनै बिल विजकमा उल्लेखित रकमको पाँच प्रतिसत रकम कट्टा गरी राख्नु पर्ने उल्लेख छ । त्यस्तै नियम १२४ मा यस्तो रिटेन्सन मनी त्रुटी सच्याउने अवधीसम्म राख्नु पर्ने र यस्तो अवधीभित्र त्रुटी नसच्याएमा रिटेन्सन मनी वापतको रकम प्रयोग गरी त्रुटी सच्याउन सकिने उल्लेख छ । पालिकाले यस वर्ष देहायका निर्माण कार्यको भुक्तानीमा नियमानुसार कट्टा गर्नुपर्ने धरौटी रकम कट्टा नगरी भुक्तानी गरेको छ । धरौटी कट्टा नगर्दा निर्माण कार्यमा हुने त्रुटी तथा मर्मतका लागि उपभोक्ता समिति एंव निर्माण व्यवसायीलाई जिम्मेबार बनाउन नसकिने अवस्था देखियो । तसर्थ पालिकाले उपभोक्ता समिति एंव निर्माण व्यवसायीलाई निर्माण कार्यको भुक्तानीमा धरौटी कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने देखिन्छ ।

| योजनाको नाम | खरिद विधी | गो.भौ.नं./मिति | भुक्तानी | मुल्यांकन | धरौटी |
|---|---|---|---|---|---|
| ३ कोठे विधालय भवन निर्माण | NCB | ४/०८१-२-31 | १८,७१,१९९ | १८७११९९.३५ | ८२७९६ |
| सार्वजनिक निर्माण | कोटेशन | १३/०८१-३-२२ | ९५५,३१७ | ९५५,३१७ | ४२,४९७ |
| नमुना विधालय विज्ञान प्रयोगशाला भवन निर्माण | उ.स. | १०६/०८१-२-२, | २०७६०५५।- | ६४,६१,५११.४७ | ३२३०७५ |
| | | १७०/०८१-३-२१ | ३७४१५०८।- | | |
| सिद्धेश्वर शिव मन्दिर निर्माण | उ.स. | २६/०८०-५-१ | १०,०७,५२३ | ११,२२,१६४.४० | ५६१०८ |
| पि.सि.सि.ढलान सड्क वडा नं.३ | उ.स. | ५४/०८०-७-१ | १५,००,००० | २९,९२,९७३.११ | १४९६४९ |
| | | १०४/०८०-७-२० | ११,९२,६११ | | |
| नाला निर्माण-वडा नं.१ | उ.स. | ६६/०८०-७-२ | २९,१०,००० | ३२,३४,०७२.२१ | १६१,७०४ |
| माटो पुरी ग्राबेल-वडा नं.७ | उ.स. | ८४/०८०-७-३ | ६२९,५३४ | ६९९,५२६.७० | ३४९७६ |
| माटो पुरी ग्राबेल | कोटेशन | ९५/०८०-७-३ | ७२५,६४८ | ९७३,७०९.२३ | ३६,२८२ |
| हाट बजार निर्माण-मिसन कन्स्ट्रक्सन | NCB | ४२/०८०-६-३०(न.पा.) | ८६,०४,४१४ | ३१८,२४,९५३.२९ | १५,९१,२४८ |
| | | ५/०८०-७-३(नगरविकास) | १२३,५७,५७२ | | |
| हाट बजार निर्माण-मिसन कन्स्ट्रक्सन | NCB | १०७/०८०-७-२२(न.पा.) | २,०१,८६,८०३ | २,६९,३७,९५७.३७ | १३,४६,८९८ |
| | | ९/०८०-१२-१५(नगरविकास) | ३७,१४,९५९ | | |
| हाट बजार निर्माण-मिसन कन्स्ट्रक्सन | NCB | २४३/०८१-२-१६(न.पा.) | १,८२,३८,०६६ | १३४,५९,५९६.१६ | ६,७२,९८० |
| | | ११/०८१-३-२४(नगरविकास) | ४९,२३,४३३ | | |
| सहकारी सँस्थाको भवन निर्माण | उ.स. | ३३२/०८१-३-१७ | ८,६८,२८५ | ३७,७७,३४५.४४ | १,८८,८६७ |
| | | १२१/०८०-८-१२ | १५,००,००० | | |
| | | १९९/०८०-१२-२५ | १०,००,००० | | |
| सार्वजनिक निर्माण-असिम कन्स्ट्रक्सन | कोटेशन | २९०/०८१-३-२ | ६,०८,१३६ | ६०८,१३६ | ३०४०६ |
| कल्भर्ट निर्माण-शुभलक्ष्मी जोनसन सप्लायर्स | कोटेशन | ३०२/०८१-३-१२ | ४६८१२७ | ४९४४८९.६७ | २४७२५ |
| कल्भर्ट निर्माण-अम्बेश्वरनाथ निर्माण तथा सप्लार्यस | कोटेशन | ४३०/०८१-३-२४ | ९५९,३०४ | ९५९३०४ | ४७९६५ |

१९ **अग्रिम कर कट्टीः**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३(४) मा बिल बिजकको भुक्तानीमा रिटेन्सन मनी ५% कट्टा गर्ने , आय कर ऐन,२०५८ को दफा ८९(१) मा ठेक्का वा करारबापतको भुक्तानीमा १.५% अग्रिम कर कट्टा गर्ने र मुल्य अभिवृद्धि कर नियमावली,२०५३ अनुसार सार्वजनिक निकायले भ्याट रकम भुक्तानी गर्दा ३०% कट्टा गरी भुक्तानी दिने प्रावधान रहेको छ । पालिकाले यस वर्ष देहायका निर्माण कार्यको भुक्तानीमा नियमानुसार कट्टा गर्नुपर्ने अग्रिम कर कट्टी(१.५%) र सामाजिक सुरक्षा कर कट्टी(१%) रकम जम्मा रु.८४०७७८।- कट्टा नगरी भुक्तानी गरेकोले सम्बन्धितबाट असुल गर्नु पर्ने रु.

| योजनाको नाम | खरिद विधी | गो.भौ.नं./मिति | भुक्तानी | कर योग्य भुक्तानी (भ्याट बाहेक) | कर कट्टी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| नमुना विधालय विज्ञान प्रयोगशाला भवन निर्माण | उ.स. | १०६/081-2-२, | २०७६०५५।- | ११९४५०० | ११९४५ | ज्यालामा सामाजिक सुरक्षा |
| | | १७०/०८१-३-२१ | ३७४१५०८।- | | | |
| हाट बजार निर्माण-मिसन कन्स्ट्रक्सन | NCB | ४२/०८०-६-३०(न.पा.) | ८६,०४,४१४ | २८१,६३,६७५.४८ | ४,२२,४५५ | भुक्तानीमा कर कट्टी |
| | | ५/०८०-७-३(नगरविकास) | १२३,५७,५७२ | | | |
| हाट बजार निर्माण-मिसन कन्स्ट्रक्सन | NCB | १०७/०८०-७-२२(न.पा.) | २,०१,८६,८०३ | २३८३८९००.३३ | ३,५७,५८४ | भुक्तानीमा कर कट्टी |
| | | ९/०८०-१२-१५(नगरविकास) | ३७,१४,९५९ | | | |
| सहकारी भवन निर्माण | उ.स. | ३३२/०८१-३-१७ | ८,६८,२८५ | ४०३२०० | ४,०३२ | ज्यालामा सामाजिक सुरक्षा |
| | | १२१/०८०-८-१२ | १५,००,००० | | | |
| | | १९९/०८०-१२-२५ | १०,००,००० | | | |
| आस्फाल्ड सड्क निर्माण-बहदुरमाई कन्स्ट्रक्सन | ई-बिडिङ्ग | ३५१/०८१-३-१९ | ७,७५,९८८ | २९,८४,११८.४ | ४४७६१.७७ | भुक्तानीमा कर कट्टी |
| | | २/०८१-३-१९ | ३०,००,००० | | | |
| | | | | | ८४०७७८ | |
| | | | | | असुल गर्नुपर्ने | ८,४०,७७८ |

२० **बढी भुक्तानीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५)मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने उल्लेख छ ।तस्तै सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा बिल वा बिजकको भुक्तानी सम्बन्धमा नापी किताबमा उल्लेख भएको वास्तविक कार्यको मुल्यांकनको आधारमा भुक्तानी गर्ने उल्लेख छ । पालिकाले यस वर्ष देहायका भुक्तानीमा संलग्न मुल्यांकन बिल, कर विजक र भरपाई भन्दा बढी रु.३२४९०१ भुक्तानी गरेकोले यस्तो बढी भुक्तानी सम्बन्धित निर्माण व्यवसायी एंव उपभोक्ता समितिबाट असुल गर्नु पर्ने रु.

| विवरण | खरिद विधी | गो.भौ.नं./मिति | भुक्तानी | भुक्तानी हुनुपर्ने | बढी भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|---|
| नमुना विधालय विज्ञान प्रयोगशाला भवन निर्माण | उ.स. | १०६/०८१-२-२, | २०७६०५५।- | ५८,१४,५६४.३७ | २९९८.६३ | मुल्यांकनमा उपभोक्ताको अंश कट्टी(१०%) गरी भुक्तानी गर्दा बढी भुक्तानी भएको |
| | | १७०/०८१-३-२१ | ३७४१५०८।- | | | |
| कल्भर्ट निर्माण-शुभलक्ष्मी जोनसन सप्लायर्स | कोटेशन | ३०२/०८१-३-१२ | ४६८१२७ | ४१२,४५० | ७०,६७७ | कर विजक रु.४१२,४५० भन्दा बढी भुक्तानी |
| छठिया घाट निर्माण-असिम कन्स्ट्रक्सन | कोटेशन | ३२७/०८१-३-१६ | ७६३,७७५ | ५८४,३६८ | १६९,४०७ | कर विजक रु.५८४३६८।- भन्दा बढी भुक्तानी |
| वडा कार्यालय भवन निर्माण(११)- सोनु कन्स्ट्रक्सन | कोटेशन | ४०२/०८१-३-२३ | १०,०३,९३८ | ९२२,११९.०९ | ८१८१८.९१ | कर विजक रु.९२२११९.०९।- भन्दा बढी भुक्तानी |
| | | | | जम्मा | ३२४९०१ | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,२४,९०१ |

२१ **कर समायोजनः**

मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ ग अनुसार मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष देहायका निर्माण कार्यको भुक्तानीमा नियमानुसार कट्टा गर्नुपर्ने ३०% भ्याट रकम कट्टा नगरी भुक्तानी गरेकोले उक्त रकमको कर समायोजन प्रमाण पेश हुनेपर्ने अन्यथा असुल हुनुपर्ने रु.

| **योजनाको नाम** | **गो.भौ.नं./मिति** | **भ्याट भुक्तानी** | **कर विजक(भ्याट बाहेक)** | **३०% भ्याट** |
|---|---|---|---|---|
| कालोपत्रे सडक निर्माण-आशिष कन्स्ट्रक्सन | ६९/०८०-७-२ | ४,२३,३८५.७६ | ३२५६८१३.२७ | १,२७,०१६ |
| हाट बजार निर्माण-मिसन कन्स्ट्रक्सन | ४२/०८०-६-३०(न.पा.) | ३६६१२७७.८१ | २८१,६३,६७५.४८ | १०,९८,३८३ |
| | ५/०८०-७-३(नगरविकास) | | | |
| हाट बजार निर्माण-मिसन कन्स्ट्रक्सन | १०७/०८०-७-२२(न.पा.) | ३०,९९,०५७ | २,३८,३८,९००.३३ | ९,२९,७१७ |
| | ९/०८०-१२-१५(नगरविकास) | | | |
| | | | जम्मा | २१,५५,११६ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २१,५५,११६ |

२२ **नाफामुलक सँस्थाको भवन निर्माणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान एंव सरकारी रकमले बजेट विनियोजन गर्न मिल्ने देखिदैन । पालिकाले बचत सँकलन तथा कर्जा प्रवाह गर्ने नाफामुलक उद्देश्य राखी बि.सं.२०७७ सालमा गठन भएको उधमशिल युवा दुग्ध तथा कृषि सहकारी सँस्था लि.को भवन निर्माणको लागि बजेट विनियोजन गरी यस वर्ष रु.३८,०४,०६०.६५ को लागत अनुमान तयार गरी उपभोक्ता समितिबाट भवन निर्माण कार्य गराएको छ । पालिकाले उक्त कामको रु.३७,७७,३४५.५४ को मुल्यांकन गरी गो.भौ.१२१, १९९ र ३३२ बाट जम्मा

रु.३३,६८,२८५।- भुक्तानी गरेको छ । तसर्थ पालिकाले सरकारी स्रोत खर्च गरी यसरी नाफामुलक सँस्थाको भवन निर्माणमा भुक्तानी गर्नु नियम सम्मत मान्न सकिएन रु.

| | |
|---|---|
| अनियमित भएको | ३३,६८,२८५ |

२३ **परामर्स तथा डीपीआर खर्च** –

२३.१ **लागत अनुमानको आधारः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२ अनुसार सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान तयार गर्दा सम्बन्धित मन्त्रालयको नम्स, सम्बन्धित परामर्श सेवाको कार्य क्षेत्रगत शर्त, अघिल्ला वर्षहरुमा खरिद गर्दा लागेको लागत, अन्य सार्वजनिक निकायले सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागतलाई आधार लिनु पर्ने उल्लेख छ ।पालिकाले देहायका परामर्श सेवा खरिद गर्दा नियमानुसारको नम्स, सम्बन्धित परामर्श सेवाको कार्य क्षेत्रगत शर्त, अघिल्ला वर्षहरुमा खरिद गर्दा लागेको लागत, अन्य सार्वजनिक निकायले सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागतको आधार लिई लागत अनुमान तयार गरेको देखिएन ।पालिकाले लागत अनुमान तयार नै नगरी सोझै ३ कोटेशन माग गरी परामर्श सेवा खरिद गरेको देखियो ।तसर्थ यस्तो लागत अनुमान बेगरको यस्तो खरिद रु.१७,६५,५८४ वास्तविक हो भनी यकिन गर्ने आधार देखिएन ।

| कार्य विवरण | परामर्शदाता | गो.भौ.नं./मिति | खर्च रकम |
|---|---|---|---|
| वडा नं.४ सपहीदेखि प्रसौनी विधालयसम्म र सपहीदेखि बाराबजार कोल्हबी सिमानासम्म सड्कको डि.पि.आर.तयारी | साह आर्किटेक्ट | ११३/०८०-८-५ | ६,८४,६४५ |
| वडा नं.४ बन्ठाकटी देखि मठवा सम्म र श्रीपुरदेखि मुसर्हना सम्म पडरीदेखि अमावसम्म सड्कको डि.पि.आर.तयारी | जे.के.नेपाल प्रा.लि. | ११४/०८०-८-५ | ५,९५,९३९ |
| राजश्व एक्सन प्लान तयारी | चित्राशं मल्टि सपोर्ट कन्सल्टेन्सी प्रा.लि. | ११५/०८०-८-५ | ४,८५,००० |
| जम्मा | | | १७,६५,५८४ |

२३.२ **जिन्सी दाखिला प्रतिवेदनः** आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन,२०७६ को दफा २८ मा जिन्सी मालसामान प्राप्त भएको ७ दिनभित्र दाखिला गरी स्रस्ता खडा गर्नुपर्ने उल्लेख छ । बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ ।पालिकाले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायका विषयमा डि.पि.आर. तयार गर्नका लागि रु.१७,६५,५८४ भुक्तानी गरेको छ । यस वर्ष देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई डि.पि.आर.प्रतिवेदन प्राप्त गरेको भएता जिन्सी दाखिला गरेको देखिएन ।तसर्थ पालिकाले प्राप्त डि.पि.आर.को जिन्सी दाखिला प्रतिबेदन पेश गर्नु पर्ने रु.

| कार्य विवरण | खर्च रकम |
|---|---|
| वडा नं.४ सपहीदेखि प्रसौनी विधालयसम्म र सपहीदेखि बाराबजार कोल्हबी सिमानासम्म सड्कको डि.पि.आर.तयारी-साह आर्किटेक्ट | ६,८४,६४५ |
| वडा नं.४ बन्ठाकटी देखि मठवा सम्म र श्रीपुरदेखि मुसर्हना सम्म पडरीदेखि अमावसम्म सड्कको डि.पि.आर.तयारी-जे.के.नेपाल प्रा.लि. | ५,९५,९३९ |
| राजश्व एक्सन प्लान तयारी- चित्राशं मल्टि सपोर्ट कन्सल्टेन्सी प्रा.लि. | ४,८५,००० |
| जम्मा | १७,६५,५८४ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १७,६५,५८४ |

२३.३ **राजश्व एक्सन प्लान तयारीः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ७६ मा परामर्श सेवा खरिदमा प्रस्तावदाताको प्राविधिक प्रस्ताव मुल्यांकन गर्ने तरिका उल्लेख छ । पालिकाले राजश्व एक्सन प्लान तयारी सम्बन्धी डि.पि.आर.तयारीका लागी ३ वटा कोटेशन संलग्न गरी सोको प्राविधिक प्रस्ताब मुल्यांकन गरेको छ ।प्रस्तावदाता Innovation Research and Development Center ,

Chitransh Multi Support Consultancy P.Ltd. र Easy World Engineering P.Ltd. को प्राविधिक प्रस्ताव मुल्यांकनमा अनुभवको अंक प्रदान गर्दा सबै प्रस्ताबदाताको ४ वटा अनुभव रहेकोमा Chitransh Multi Support Consultancy P.Ltd लाई पुरा अंक २० र बाँकीलाई अंक नदिएको देखिन्छ । त्यस्तै विषयवस्तुको प्रयाप्त जानकारी र ज्ञान विषयमा सबै परामर्शदातासँग राजश्व तथा अर्थशास्त्र विषयका जनशक्ती नरहेकोमा Chitransh Multi Support Consultancy P.Ltd लाई बढी अंक ५ र बाँकीलाई ३/३ अंक दिई Chitransh Multi Support Sonsultancy P.Ltd को प्राविधिक प्रस्तावको मुल्यांकन बढी गरेको देखिन्छ । यसरी पालिकाले प्राविधीक मुल्यांकनमा आंफुखुसी अंक दिई Chitransh Multi Support Consultancy P.Ltd लाई छनौट गरेको खरिद प्रकृयामा मिलोमतो रहेको स्पष्ट देखियो । अतः यस्तो खरिद कार्य नियमसम्मत देखिएन ।

२४ **परामर्श तथा डी.पी.आर. खर्च**

परामर्श सेवा लिदा सम्बन्धित निकायका नर्म्स अनुसार लागत अनुमान स्वीकृत गरी कार्यक्षेत्रगत सेवाका शर्त **(TOR)** तयार गरी सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ बमोजिम कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डी.पी.आर. लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस पालिकाले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| गो भौ न मिति | **कार्य विवरण** | **परामर्शदाता** | **स्वीकृत रकम** | **खर्च रकम** |
|---|---|---|---|---|
| २२७-२०८०/०९/१२ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण निर्देशिका निर्माण | प्रकाश रिसर्च एण्ड कन्सल्टेन्सी प्रा लि ६१९७९०७७८ | ५००००० | ४५४८२५ |
| २२९-२०८०/०९/१२ | कोल्हवी नगरपालिकाको त्रि वर्षिय क्षमता विकास योजना तयारी | हलेसी रिसर्च एण्ड कन्सल्टेन्सी | ५००००० | ४८३०७५ |
| २३०-२०८०/०९/१२ | लाल बकैया नदीबाट ढुङ्गा गिट्टी बालुवा उत्खनन कार्यको प्रारम्भिकवातावरणीय प्रभाव मुल्याङ्कन IEE प्रतिवेदन | सुनरस कन्सलटेन्सी एण्ड ट्रेडर्स प्रा लि ६०३५१७१६७ | ९४५५६७ | ९३७९०० |
| जम्मा | | | ५००००० | ४५४८२५ |

परामर्श सेवा खरिद गर्नु पूर्व पालिकामा मौजुदा जनशक्तिले सो कार्य गर्न सक्ने भए सोही जनशक्तिको प्रयोग गर्नु पर्दछ। त्यस्तो जनशक्तिले गर्न सक्ने वा नसक्ने सम्बन्धमा कुनै किसिमको अध्ययन गरिएको देखिएन।यस सम्वन्धमा देखिएका व्यहोराहरु देहाय वमोजिम छनः

२४.१ Bill of Quantity को section B मा ( L.S. item )reimbursable activity भित्र तपसिल बमोजिम खर्च उल्लेख गरेको देखिन्छ। सोधभर्ना हुने खर्चको विल पेश गरि सोध भर्ना लिनुपर्नेमा विल पेश गर्ने गरेको देखिएन। सोधभर्ना हुने रकम को बील पेश गर्नुपर्छ।

२४.२

पेशागत दायित्वको बीमा नगरेकोः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ को ४ (क) मा खरिद परामर्शदाताले सम्झौता गरेको ३० दिन भित्र सम्झौताको कुल रकम व्यहोर्ने गरी सार्वजनिक निकायलाई निशर्त भुक्तानी हुने पेशागत दायित्व विमा (प्रोफेसनल ल्याबिलिटी ईनस्योरेन्स) पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस आ.व. मा ३ वटा परामर्श सेवा (DPR ) का लागि सम्झौता गरी भुक्तानी गरेकोमा कुनैपनि परामर्शदाताको पेशागत दायित्व बीमा गरेको देखिएन। पालिकाले खरिद कानुनको पालना गरेर मात्र खरिद कार्य गर्नुपर्दछ ।

२४.३ जिन्सी दाखिला नगरेको : परमर्शदाताबाट पेश भएको परामर्श सेवाको प्रतिवेदन सार्वजनिक सम्पत्ति ब्यवस्थापन प्रणालीमा दाखिला नगरेको पाइयो। सो प्रतिवेदनको PAMS दाखिला गरी व्यवस्थित अभिलेख राख्नु पर्दछ।

२५ **अग्रीम पेश्की बैंक जमानतः**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११३ मा खरिद सम्झौतामा व्यवस्था भए बमोजिमको पेश्की दिन सकिने र पेश्की रकम बराबरको बैंक जमानत पेश्की फछ्यौट गर्नु पर्ने अवधि भन्दा कम्तिमा एक महिना भन्दा बढी अवधिको हुनु पर्ने उल्लेख छ ।पालिकाले ई-बिडिङ्गमार्फत दलित आवास निर्माण कार्य २०८२/४/२७ सम्ममा कार्य सम्पन्न गर्ने गरी मिति २०८०/१२/७ मा निर्माण व्यवसायी जय शिव शँकर निर्माण सेवासँग रु.२०००६०२१.९७(भ्याट समेत) मा ठेक्का सम्झौता गरेको देखिन्छ । पालिकाले गो.भौ.नं.२६१/०८१-२-२२ बाट जम्मा रु.२०,००,००० पेश्की भुक्तानी गरेकोमा सोको बैंक जमानतको अन्तिम म्याद २०८१/९/४ सम्मको मात्र रु.४० लाख को पेश हुन आएको देखिन्छ । तसर्थ निर्माण व्यवसायीबाट सम्झौताको अन्तिम म्याद(२०८२/४/२७) सम्मको अग्रिम पेश्की बैंक जमानत पत्र प्राप्त गर्नु पर्दछ ।

२६ **ठे.नं.KM/NCB/BLDG/02-2078/79(हाट बजार निर्माण)ः**

पालिकाले ई-बिडिङ्गमार्फत हाटबजार निर्माण कार्य २०८१/९/२९(अन्तिम म्याद थप) सम्ममा कार्य सम्पन्न गर्ने गरी मिति २०७९/६/११ मा निर्माण व्यवसायी मिसन कन्स्ट्रक्सन एण्ड सप्लार्यस प्रा.ली.सँग रु.१५,७६,०८,०१८.२५(भ्याट समेत) मा ठेक्का सम्झौता गरेको देखिन्छ ।उक्त स्रेस्ता परिक्षण गर्दा देखिएका व्यहोरा देहाय अनुसार छनः

२६.१ **बढी भुक्तानीः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा बिल वा बिजकको भुक्तानी सम्बन्धमा नापी किताबमा उल्लेख भएको वास्तविक कार्यको मुल्यांकनको आधारमा भुक्तानी गर्ने उल्लेख छ । पालिकाले गत आर्थिक वर्ष सम्म दोस्रो रनिङ्ग बिलसम्म रु.८,२१,४७,१०५.११ को मुल्यांकन गरी भुक्तानी गरेको स्रेस्ताबाट देखिन्छ । यस वर्ष पालिकाले देहायका ३ वटा रनिङ्ग बिलको जम्मा मुल्यांकन रु.६१७४९८०५.५३ को भुक्तानी जम्मा ६,८०,२५,२४७।- गरेको देखिन्छ । यसरी पालिकाले मुल्यांकन भन्दा रु.६२,७५,४४१.४७ बढी भुक्तानी गरेकोले यस्तो बढी भुक्तानी निर्माण व्यवसायीबाट असुल गर्नु पर्ने रु.

| ICP | कुल जम्मा मुल्यांकन | यस बिलको मुल्यांकन | गो.भौ.नं./मिति | भुक्तानी रकम |
|---|---|---|---|---|
| ICP-2(गत आ.व.) | ८,२१,४७,१०५.११ | | | |
| ICP-3 | १०,५८,०३,७९४.५० | २,३६,५६,६८९.३९ | ४२/०८०-६-३०(न.पा.) | ८६,०४,४१४ |
| | | | ५/०८०-७-३(नगरविकास) | १२३,५७,५७२ |
| ICP-4 | १३,२५,५३,१२५.३६ | २,६७,४९,३३०.८६ | १०७/०८०-७-२२(न.पा.) | २,०१,८६,८०३ |
| | | | ९/०८०-१२-१५(नगरविकास) | ३७,१४,९५९ |
| ICP-5 | १४३८९६९१०.६४ | १,१३,४३,७८५.२८ | २४३/०८१-२-१६(न.पा.) | १,८२,३८,०६६ |
| | | | ११/०८१-३-२४(नगरविकास) | ४९,२३,४३३ |
| | | | जम्मा भुक्तानी | ६,८०,२५,२४७।- |
| | | | जम्मा मुल्यांकन(३,४,५ बिलको मुल्यांकन) | ६,१७,४९,८०५.५३ |
| | | | बढी भुक्तानी | ६२,७५,४४१.४७ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६२,७५,४४१.४७ |

२६.२ **कर बिजक पेश गर्नेः** मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ ग अनुसार मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ ।।त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७

को नियम ३९(५)मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने उल्लेख छ । पालिकाले देहायअनुसारको तेस्रो रनिङ्ग बिलको भुक्तानी रु.२,०९,६१,९८६।- र पाँचौ रनिङ्ग बिलको भुक्तानी रु.२,३१,६१,४९९।- गरेकोमा निर्माण व्यवसायीले जारी गरेको कर विजक लेखापरिक्षणमा पेश हुन आएन । तसर्थ जम्मा रु.५२०९७२७।- को कर समायोजन पेश गर्नु पर्ने रु.

| रनिङ्ग बिल | मुल्यांकन | भ्याट रकम |
|---|---|---|
| तेस्रो | ३१८२४९५३.२९ | ३६६१२७७.८१ |
| पाँचौ | १३४५९५९६.१६ | १५४८४४९.१३ |
| | जम्मा | ५२०९७२७.०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५२,०९,७२७ |

२७ **ठे.नं.KM/NCB/Road/02-2080/81(आस्फाल्ड सड्क निर्माण)ः**

पालिकाले ई-बिडिङ्गमार्फत सड्क निर्माण कार्य २०८१/३/१६ सम्ममा कार्य सम्पन्न गर्ने गरी मिति २०८०/१२/१६ मा निर्माण व्यवसायी बहदुरमाई निर्माण सेवासँग रु.६८,६८,९२८.२०(भ्याट समेत) मा ठेक्का सम्झौता गरेको देखिन्छ ।उक्त स्रेस्ता परिक्षण गर्दा देखिएका व्यहोरा देहाय अनुसार छनः

**बढी भुक्तानीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५)मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने उल्लेख छ ।तस्तै सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा बिल वा बिजकको भुक्तानी सम्बन्धमा नापी किताबमा उल्लेख भएको वास्तविक कार्यको मुल्यांकनको आधारमा भुक्तानी गर्ने उल्लेख छ । पालिकाले सड्क निर्माण कार्यको दोस्रो रनिङ्ग तथा अन्तिम बिलमा कुल मुल्यांकन रु.६८,५९,८०७.०६।-(भ्याट सहित) गरी पहिलो

बिलको भुक्तानी गो.भौ.२५१/०८१-२-१८ बाट रु.३४,८६,७५३।- र दोस्रो तथा अन्तिम बिलको भुक्तानी गो.भौ.३५१/०८१-३-१९ बाट रु.७७५९८८।- गरेको छ । पालिकाले प्रदेश सरकार सर्शत अनुदान तर्फ गो.भौ.२/०८१-३-१९ बाट रु.३०,००,०००।- भुक्तानी गरेको छ । यसरी पालिकाले अन्तिम बिल सम्म जम्मा रु.७२,६२,७४१।- भुक्तानी गरेको देखिन्छ ।पालिकाले नगरपालिका पुँजिगत तर्फ गो.भौ.१८६/०८०-१२-२१ बाट रु.१२०६००।- पेश्की भुक्तानी गरेकोमा दो्स्रो तथा अन्तिम बिलको भुक्तानीमा पालिकाले रु.४७४,७१९।- मात्र पेश्की फर्छयौट गरेको देखिन्छ ।साथै निर्माण व्यवसायीबाट बढी भुक्तानी भएको भनी पालिकाको खातामा रु.४,०३,९३५।- नगद दाखिलाको बैंक भौचर पेश गरेको देखियो । तसर्थ पालिकाले जम्मा भुक्तानी हुनुपर्ने रु.६८,५९,८०७.०६।- (भ्याट सहित) मा जम्मा रु.७३,८३,३४१।- भुक्तानी गरेको र व्यवसायीले फिर्ता गरेको रु.४,०३,९३५।- घटाई बढी भुक्तानी रु.१,१९,५९८.९४ असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,१९,५९८.९४ |

२८ **स्ट्रिट सोलार लाईटः**

सार्वजनिक खरिद ऐन,२०६३ को प्रस्तावनामा सार्वजनिक खरिद प्रकृयामा प्रतिस्पर्धा, मितव्ययीता कायम गर्नुपर्ने उल्लेख छ । सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११ मा सार्वजनिक निकायले खरिद गर्ने मालसामानको लागत अनुमान तयार गर्दा चालु वा विगतका वर्षमा सम्बन्धित निकाय वा अन्य निकायले खरिद गरेको वास्तविक लागत, स्थानिय बजारमा वा अन्य बजारमा प्रचलित दरभाउ, जिल्ला दररेट वा उद्योग वाणिज्य संघले जारी गरेको दररेटको आधार लिनु पर्ने उल्लेख छ। पालिकाले यस वर्ष ६ वटा सोलार स्ट्रिट टावर लाईट जडान कार्य निर्माण व्यवसायी ईलेक्ट्रो वल्ड प्रा.ली.सँग जम्मा रु.७,९३,६५६।-(भ्याट समेत) मा गराएको देखिन्छ ।पालिकाले गो.भौ.१७/०८१-३-२३ बाट रु.७९३,६५६।- भुक्तानी गरेको छ । बारा जिल्लाकै अर्को कार्यालयले २८ वटा टावर लाईट प्रति थान रु७६५००।- को दरले जम्मा रु.२१४२०००।- (भ्याट समेत) मा खरिद तथा जडान गरेको देखिन्छ। यस पालिकाले प्रति थान रु.१,३२,२७६।- मा खरिद तथा जडान गर्दा उक्त लाईट रु.५५,७७६।- प्रती थान बढीमा खरिद तथा जडान गरेको छ । साथै पालिकाले यस कार्यका लागि जिल्ला दर, बजार भाउ, अन्य सार्वजनिक निकायले खरिद गरेको वास्तविक लागतको आधार लिई लागत अनुमान समेत बनाएको देखिएन । पालिकाले सोझै ३ वटा फर्मसँग दरभाउ पत्र माग गरी न्युनतम कबोल गर्ने फर्मसँग खरिद तथा जडान गरेको देखियो। पालिकाले सार्वजनिक खरिद कानुनको पालना नगरी यसरी खरिद गर्दा खरिदमा प्रतिस्पर्धा र मितव्ययीता कायम भएको देखिएन । तसर्थ पालिकाले मुल्यको सार्थकता कायम गर्ने गरी मितव्ययी तवरले खरिद गर्नुपर्ने देखिन्छ ।

२९ **ठे.नं.KM/NCB/Road/01-2080/81(आस्फाल्ड सड्क निर्माण)ः**

पालिकाले ई-बिडिङ्गमार्फत सड्क निर्माण कार्य २०८१/३/१५ सम्ममा कार्य सम्पन्न गर्ने गरी मिति २०८०/११/११ मा निर्माण व्यवसायी पर्साई निर्माण सेवासँग रु.६८,६४,७८८.५८(भ्याट समेत) मा ठेक्का सम्झौता गरेको देखिन्छ ।उक्त स्रेस्ता परिक्षण गर्दा देखिएका व्यहोरा देहाय अनुसार छनः

२९.१ **कर समायोजनः** मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ ग अनुसार मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ ।पालिकाले सड्क निर्माण कार्यको पहिलो रनिङ्ग बिलको मुल्यांकन रु.२७,१८,१३६.७५(भ्याट सहित) गरी गो.भौ.६/०८१-३-५ बाट रु.२७,१८,१३६।- भुक्तानी गरेको छ ।निर्माण व्यवसायीले पेश गरेको कर विजक नं.०७/०८१-३-२ रु.२७,१८,१३६.७५ मा भ्याट रकम रु.३१२,७०६।- समेत पुरै भुक्तानी भएको छ ।पालिकाले नियमानुसार ३०% भ्याट रकम कट्टा नगरी पुरै भ्याट भुक्तानी गरेकोले कर समायोजन पेश गर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,१२,७०६ |

२९.२ **बिमा भुक्तानीः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा बिल वा बिजकको भुक्तानी सम्बन्धमा नापी किताबमा उल्लेख भएको वास्तविक कार्यको मुल्यांकनको आधारमा भुक्तानी गर्ने उल्लेख छ ।आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५)मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने उल्लेख छ । पालिकाले उक्त कार्यको दोस्रो रनिङ्ग बिलको मुल्यांकन रु.३५,७५,४९४।-(भ्याट सहित) गरी गो.भौ.१६/०८१-३-२२ बाट रु.३५,७५,४९४।- भुक्तानी गरेको छ । पालिकाले रनिङ्ग बिलमा PS Items अन्तर्गत बिमा बापत रु.६००००।- समेतको भुक्तानी

गरेको छ । निर्माण व्यवसायीले BOQ मा उल्लेखभए अनुसार निर्माण कार्य सम्पन्न गर्ने अन्तिम म्याद गुज्रिसकेको अवधीसम्म पनि बिमा गरेको देखिएन । बिमालेख र नगरी रसिद पेश नहुँदै भुक्तानी गरेकोले यस्तो भुक्तानी निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६०,००० |

२९.३ **कर बिजकभन्दा बढी भुक्तानीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५)मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने उल्लेख छ ।पालिकाले उक्त कार्यको दोस्रो रनिङ्ग बिलको मुल्यांकन रु.३५,७५,४९४।-(भ्याट सहित) गरी गो.भौ.१६/०८१-३-२२ बाट रु.३५,७५,४९४।- भुक्तानी गरेको छ ।निर्माण व्यवसायीले रु.३५,३५,७९८.२५ को मात्र कर विजक जारी गरेको छ । यसरी कर विजक भन्दा बढी भुक्तानी रु.३९,६९५.७५ को थप कर विजक पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३९,६९५.७५ |

३० **ह्युमपाईप खरिद**

३०.१ **ओभरहेड भुक्तानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा मालसामानको लागत अनुमान तयार गर्दा चालु वा अघिल्ला वर्षहरुमा सम्बन्धित सार्वजनिक निकाय वा अन्य निकायले खरिद गर्दा लागेको वास्तविक लागत, स्थानिय बजार दरभाउ, अन्य बजारको प्रचलित बजार दरभाउ र मालसामान आपूर्ती गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च, उधोग वाणिज्य सँघले जारी गरेको दररेटको आधार लिनु पर्ने व्यवस्था छ । बारा जिल्ला दररेट निर्धारण समितिले ह्युमपाईपको बिभिन्न साईजका दररेट तोकिएको र त्यसमा १०% ढुवानी खर्च लाग्ने उल्लेख छ ।प्रचलित सार्वजनिक खरिद कानुनमा मालसामान खरिदको लागत अनुमान तयार गर्दा नाफा वापतको १५% ओभरहेड थप गर्ने कुनै कानुनी व्यवस्था रहेको छैन । पालिकाले यस वर्ष देहायअनुसारको ह्युमपाईप खरिद गर्दा लागत अनुमानमा १०% ढुवानी खर्च र ओभरहेड(१५%) समेत थप गरी कोटेशन माग गरेको र सोही अनुसार सप्लार्यसले ओभरहेड सहित दरभाउ पत्र पेश गरेको छ । पालिकाले पेश भएको कोटेशनको आधारमा खरिद गरी ओभरहेड भुक्तानी गरेको छ। पालिकाले जिल्ला दररेट भन्दा बढी(ओभरहेड सहित)मा खरिद गरेकोले मालसामान खरिदमा भुक्तानी भएको ओभरहेड रकम रु.२७२०६५।- आपूर्तीकर्ता रौतहट ह्युमपाईप उधोगबाट असुल गरी पालिकाको सँचित कोषमा दाखिला हुनु पर्ने रु.

| गो.भौ.नं./मिति | आपूर्तीकर्ता | विवरण | परिमाण ( रनिङ्ग मिटर) | जिल्ला दररेट | खरिद दररेट ( ओभरहेड सहित) | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| १६/०८०-५-१ | रौतहट ह्युमपाईप उधोग | ४५० MM Pipe | ७.५ | ५१६८ | ६६७० | ११२६५ |
| | | 600 MM Pipe | १० | ६७४१ | ७२६५ | ५२४० |
| १७७/०८० - १२ - ७ | रौतहट ह्युमपाईप उधोग | ४५० MM Pipe (हेभी) | २५ | ५४२७ | ६१०० | १६८२५ |
| | | ६०० MM Pipe (हेभी) | ९२.५ | ७०७८ | ७८०० | ६६७८५ |
| | | ९०० MM Pipe (हेभी) | १७.५ | १२१२७ | १३४५० | २३१५२.५ |
| | | १२०० MM Pipe (हेभी) | २५ | १६२८० | १८०९२ | ४५३०० |
| २४४/०८१ - २ - १७ | रौतहट ह्युमपाईप उधोग | १२०० MM Pipe (हेभी) | ३० | १६२८० | १८०५० | ५३१०० |
| | | ९०० MM Pipe (हेभी) | ७.५ | १२१२७ | १३४०० | ९५४७.५ |
| ३७२/०८१ - ३ - २२ | रौतहट ह्युमपाईप उधोग | ३०० MM Pipe (हेभी) | ३२.५ | ३५३९ | ३७०० | ५२३२.५ |
| | | ४५० MM Pipe (हेभी) | १० | ५४२७ | ६५०० | १०७३० |
| | | ६०० MM Pipe (हेभी) | २० | ७०७८ | ७२०० | २४४० |
| | | ९०० MM Pipe (हेभी) | २.५ | १२१२७ | १३४०० | ३१८२.५ |
| | | १२०० MM Pipe (हेभी) | ७.५ | १६२८० | १८०५० | १३२७५ |
| २५/०८०-५-१ | रौतहट ह्युमपाईप उधोग | ३०० MM Pipe (हेभी) | २५ | ३५३९ | ३६४० | २५२५ |
| | | ४५० MM Pipe (हेभी) | २२.५ | ५४२७ | ५५८१ | ३४६५ |
| | | | | | जम्मा | २७२०६५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,७२,०६५ |

३०.२ **कर बिजकभन्दा बढी भुक्तानीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५)मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने उल्लेख छ ।पालिकाले देहायअनुसारको भुक्तानी गर्दा कर बिजक रकम भन्दा बढी भुक्तानी गरेकोले कर बिजक पेश गर्ने अन्यथा यस्तो बढी भुक्तानी सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| आपूर्तीकर्ता | गो.भौ.नं. | भुक्तानी रकम | कर विजक नं. | कर विजक रकम | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| रौतहट ह्युमपाईप उधोग | २५/०८०-५-१ | ४९०,२४४ | ५४/०८०-३-११ | ४,५०,३८६.९२ | ३९८५७.०८ |
| रौतहट ह्युमपाईप उधोग | १६/०८०-५-१ | १४०,७४२ | ६०/०८०-३-१९ | १२९३००.२५ | ११४४१.७५ |
| रौतहट ह्युमपाईप उधोग | १७७/०८०-१२-७ | १९,२०,८६० | | १७,६४,६९२.७५ | १५६१६७.२५ |
| रौतहट ह्युमपाईप उधोग | २४४/०८१-२-१७ | ७,८९,६६० | ३१/०८१-२-७ | ७२५,४६० | ६४२०० |
| रौतहट ह्युमपाईप उधोग | ३७२/०८१-३-२२ | ६,१२,६९३ | ८१/०८१-३-१६ | ५६२,८८१.२५ | ४९८११.७५ |
| | | | | जम्मा | ३२१४७७.८३ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,२१,४७७.८३ |

### ३१ जिन्सी दाखिला प्रतिवेदनः

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन,२०७६ को दफा २८ मा जिन्सी मालसामान प्राप्त भएको ७ दिनभित्र दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने उल्लेख छ । पालिकाले देहायअनुसारको मालसामान खरिद गरेकोमा सोको जिन्सी दाखिला गरेको देखिएन । तसर्थ देहायअनुसारको मालसामानको जिन्सी दाखिला प्रतिबेदन पेश गर्ने रु.

| जिन्सीको विवरण | आपूर्तीकर्ता | गो.भौ.नं./मिति | परिमाण | खरिद मुल्य | प्रयोजन | कैफियत |
|---|---|---|---|---|---|---|
| मनीभल्ट | श्री नारायण ट्रेडर्स | १०/०८०-५-१ | १ थान | १९७,८०० | सहकारी सँस्थालाई वितरण | दाखिला र हस्तान्तरण फारम पेश गर्ने |
| ईन्भर्टर, ब्याट्री | दास ईलेक्ट्रोनिक्स | १८८/०८०-१२-२१ | १ सेट | ७,३२,१८३ | प्रयोजन नखुलेको | दाखिला पेश गर्ने |
| जेनेरेटर ४० के.भि.ए. | देवी ट्रेड सप्लार्यस | ३०३/०८१-३-१२ | १ थान | ९,४५,५०० | प्राथमिक स्वास्थ्य केन्द्र कोल्हबीमा जडान गर्ने | दाखिला र हस्तान्तरण फारम पेश गर्ने |
| | | | जम्मा | १८,७५,४८३ | | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १८,७५,४८३ |

### ३२ पूँजीगत बजेटमा चालु प्रकृतिका खर्चः

३२.१ **चालु प्रकृतिका खर्चः** पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वियन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु.२,३१,९१,७५८.५०. भुक्तानी दिएको पाईयो ।

| गो .भौ.नं. | भुक्तानी पाउने संस्थाको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| २४ /०८०-५-१ | अर्जुन ईलेक्ट्रिक | रिचार्ज कार्डको भु | ४९५०० |
| ३४ /०८०-५-३ | शुभकामना आयल स्टोर | २०८० -३-२४ को ईन्धन बिलको भुक्तानी | १२६४२०५ |
| ३८/०८०-६-२९ | सुचना सहायक उमापती चौधरी | समृद्दि कार्यक्रमबाट तलब भत्ता | ७५००० |
| ४७/०८०-६-३० | जनजागरण आमा समुह | सेनेटरी प्याड वितरण कार्यक्रम | १५०००० |
| ४९/०८०-६-३० | परिवर्तनका लागि युवा समाज पलास | खेलकुद सामाग्री वितरणका लागी भुक्तानी | 99949 |
| ५३/०८०--७-१ | सपही कलेज | नगर अनुदान | १०००००० |
| ८२/०८०-७-३ | प्रयास स्किल डेभलपमेन्टल | महिला हिंसा विरुद्ध जनचेतना कार्यक्रम | २८८१५० |
| ९०/०८०-७-३ | खरिदार लोकनाथ ओली | सहकारी तालिम | ६४५३० |
| ९३/०८०-७-३ | गोपाल प्रगतीशिल क्लब | फुटबल प्रतियोगिता | २५०००० |
| १०८/०८०-७-२२ | जनशक्ति युवा क्लब | कार्यक्रम खर्च | २००००० |
| १११/०८०-७-२२ | तराई महिला उत्थान केन्द्र | जनचेतनामुलक तालिम | ४९९००० |
| ११८/०८०-८-१० | गोपाल प्रगतीशिल क्लब | फुटबल प्रतियोगिता | १००००० |
| ११९/०८०-८-१० | गोपाल प्रगतीशिल क्लब | फुटबल प्रतियोगिता | १००००० |
| १२८/०८०-८-२४ | प्रसाई स्टेशनरी सेन्टर कोल्हवी | खेलकुद सामाग्री वितरण | १२१९८० |
| १५०/०८०-९-१२ | पुजा टेन्ट हाउस | टेन्ट खर्च | २००००० |
| १५१/०८०-९-१२ | मुस्लिम युवा युथ क्लब | कार्यक्रम खर्च | १५०००० |
| १६४/०८०-१०-११ | योजना सहायक रामधारी चौधरी | अनुगमन भत्ता | १९८००० |
| १६८/०८०-१२-५ | प्रा.स.मिश्रिलाल साह | शिल्ड प्रतियोगिता | ५०८०६० |
| २०६/०८०-१२-२६ | जागृत युवा नेपाल सँस्था | चेलीबेटी बेचबिखन जनचेतना कार्यक्रम | ४९८२०० |
| २०८/०८०-१२-२६ | उज्यालो नेपाल विकास सँस्था | रु.३८८८०।- को सेनेटरी प्याड वितरण कार्यक्रम | ४९८५०० |
| २१३/०८१-१२४ | सेतिदेबी मेडिसिन सप्लार्यस | औषधी खरिद | १९९९९६५ |
| २१४/०८१-१-२५ | खरिदार लोकनाथ ओली | लोकसेवा तयारी कक्षा | ४२०००० |
| २१५/०८१-१-२७ | सि.अ.हे.ब.मनोज कुमार चौधरी | स्वास्थ्य सेवा दिवस खर्च | ६६८५० |
| २३०/०८१-१-३१ | शुभकामना आयल स्टोर | लगबुक बेगर ईन्धन बिलको भुक्तानी | ६२३७३६ |
| २३१/०८१-२-१ | ई .गणेश प्रसाद चौधरी | बैठक भत्ता | १३९००० |
| २३२/०८१-२-६ | पोषण संयोजक सिता कुमारी चौधरी | पारिक्षमिक | ८३७१० |
| २३६/०८१-२-७ | केयर मधेश ट्रेनिङ्ग सेन्टर प्रा.ली. | वालवालिका सचेतना कार्यक्रम | १९७७५० |
| २४६/०८१-२-१७ | जनशक्ति युवा क्लब | कार्यक्रम खर्च | ४००००० |
| २५३/०८१-२-२१ | जागृत युवा नेपाल सँस्था | वैदेशीक रोजगार सम्बन्धी जनचेतना कार्यक्रम | ४९९००० |
| २५५/०८१-२-२१ | गुड टुर एण्ड ट्राभल्स | गाडी भाडा | २५२००० |
| | | | |

| | | | |
|---|---|---|---|
| २६४/०८१-२-२४ | वालविकास शिक्षक | पारिश्रमिक | ४७५२५६७ |
| २७८/०८१-२-२४ | जनमुखी सेवा नेपाल | वाल अधीकार सम्बन्धी जनचेतनामुलक कार्यक्रम | ३४६६८४ |
| २७९/०८१-२-२४ | केयर मधेश ट्रेनिङ्ग सेन्टर प्रा.ली. | वालवालिका सचेतना कार्यक्रम | २४८६०० |
| २८०/०८१-२-२९ | जनमुखी सेवा नेपाल | वृद्धाहरुलाई साडि, गम्छा धोति वितरण कार्यक्रम | ९९४४० |
| २८२/०८१-२-२९ | उज्यालो नेपाल विकास सँस्था | कृषक तालिम | २९८००० |
| २९४/०८१-३-२ | ने.रा.मा.वि.जुअवा | फ्रि -कोचिङ्ग कक्षा सँचालन | ३००००० |
| ३०५/०८१-३-१३ | सिता कुमारी चौधरी | एकिकृत पोषण तालिम | ४०५११० |
| ३२४/०८१-३-१६ | गढीमाई मिडिहेल्थ प्रा.ली. | औषधी खरिद | ६६१६२० |
| ३३५/०८१-३-१७ | महिला स्वंसेविका | यातायात खर्च | ४०७७०० |
| ३३९/०८१-३-१८ | ज्ञानु फाउण्डेशन | तिज /छठ पर्व कार्यक्रम | १९९५०० |
| ३४१/०८१-३-१८ | सुचना सहायक उमापती चौधरी | पारिश्रमिक | १७८२६० |
| ३४६/०८१-३-१८ | सुचना सहायक उमापती चौधरी | पारिश्रमिक | ७५००० |
| ३४९/०८१-३-१९ | हाम्रो लागि वातावरण | कार्यक्रम | १९९४६७ |
| ३५५/०८१-३-२० | सेतिदेवी मेडिसिन | औषधी खरिद | १९९८३४८ |
| ३७४/०८१-३-२२ | शिक्षा शाखा | व्यवस्थापन खर्च | २१३७५० |
| ३७५/०८१-३-२२ | ने.रा.आ.वि.व्यवस्थापन समिति कोल्हवी | व्यवस्थापन खर्च | १९१६३१ |
| ३९४/०८१-३-२३ | खरिदार लोकनाथ ओली | | १००००० |
| ४१५/०८१-३-२४ | जयविर प्रसाद चौधरी | बिल भरपाई भुक्तानी | २९४५०० |
| ४१६/०८१-३-२४ | कृषक | दुग्ध लिटर अनुदान वितरण | १२२१४९६.५ |
| | | **जम्मा** | **२३१९१७५८.५०** |

यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

३२.२ **बढी भुक्तानीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५)मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने उल्लेख छ । पालिकाले वडा समितिको निर्णयअनुसार गोपाल प्रगतीशिल क्लबलाई फुटबल प्रतियोगितावापत रु १ लाख निर्णय गरेकोमा गो.भौ.९३/०८०-७-३ बाट रु.२५००००।- भुक्तानी भएको छ । तसर्थ निर्णयभन्दा बढी भुक्तानी सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,५०,००० |

३३ **पुँजीगत आर्थिक सहायता** -

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु.२६,८२,०००।- आर्थिक सहायता वितरण गरेको छ ।यस्तो भुक्तानी पालिकाले पुँजिगत शिर्षकबाट गरेको छ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ । साथै पुँजिगत शिर्षकवाट आर्थिक सहायता वितरण गर्नु नियमसम्मत देखिएन ।

| गो.भौ.नं. | भुक्तानी पाउने | प्रयोजन | रकम |
|---|---|---|---|
| ५५ /०८०-७-१ | ९ जना जना | दिर्घ रोगीहरुलाई उपचार खर्च | ७४५००० |
| १२०/०८०-८-१० | नबिन चौधरी | जडिबुटी सम्बन्धी अध्ययन अनुसन्धान | ३५००० |
| १३६/०८०-८-२९ | | विपद बापत नगद अनुदान वितरण | १८५००० |
| १६७/०८०-१-२४ | ६१ जना | स्वास्थ्य उपचार सहायता | ९०५००० |
| १७२/०८०-१२-६ | ७ जना | स्वास्थ्य उपचार सहायता | ४२००० |
| १७५/०८०-१२-७ | दिपक मिश्र | क्षतिपूर्ति | १५००० |
| २४५/०८१-२-१७ | ईद पर्व व्यवस्थापन समिति | ईद पर्व खर्च | ५०००० |
| ३१९/०८१-३-१६ | शान्ति वृद्धा फाउण्डेशन | आर्थिक सहायता | ३००००० |
| ३२०/०८१-३-१६ | पुलिस चौधरी | आर्थिक सहायता | ४००००० |
| ३४३/०८१-३-१८ | सरोज राम | आर्थिक सहायता | ५००० |
| | | **जम्मा** | **२६,८२,०००** |

### ३४ दरवन्दी मिलान

शिक्षा नियमावलीले ब्यवस्था गरे अनुसार बिद्यालयगत शिक्षकको दरबन्दी मिलान गर्नुपर्नेमा यस पालिकामा जिल्ला शिक्षा इकाई कार्यालयले उपलब्ध गराएको विवरण अनुसार प्रा.बि., नि.मा.बि. र मा.बि. मा राहत दरबन्दी र बिद्यालयको अवस्था, तथा बिद्यार्थीको संख्या एकिन गरी पालिकाले दरबन्दी मिलान गरेको देखिएन । दरबन्दी मिलान नहुँदा कूनै विद्यालयमा शिक्षक बढी हुने र कुनै विद्यालयमा शिक्षक अभाव हुन गई पालिकाको शैक्षिक प्रणालीमा नै नराम्रो असर पर्न जाने भएकाले समयमै दरबन्दी मिलान गर्नुपर्दछ । अतः यसरी दरबन्दी मिलान बेगर पालिकाले गरेको शिक्षक तलबको लागि निकासा दिएको रकम वास्तबिक हो भनी एकिन गर्न सकिएन ।

### ३५ शिक्षकको अभिलेख

शिक्षा नियमावली, २०५९ को परीच्छेद ३ नियम १६ मा जिल्ला शिक्षा समन्वय अधिकारीको काम कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था छ। जसअन्तर्गत वुँदा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति बा बढुबाको लागि सिफारीस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी बिद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरि राख्नुपर्ने व्यबस्था रहेको छ। पालिकाले शिक्षकको दरबन्दी अभिलेख, काजमा आएका, काजमा गएका, सरुवा भई आएका तथा गएका, सेवानिबृत भएका, बिदामा रहेका, नयाँ नियुक्त भएका, राहत कोटा र दरवन्दीमा कार्यरत, शिक्षक सम्बन्धी बिबरण, मृतक र अवकाशको विवरण आदिको बारेमा नियमावलीमा व्यवस्था भए बमोजिमको अभिलेख तयार गरेको देखिएन। विद्यालयस्तरमा संचालन हुने कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ अनुसार स्थानीय तहले हाल कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी एकीन विवरण जिल्ला शिक्षा समन्वय इकाईबाट प्राप्त गरी सोही अनुसार खर्च लेख्नुपर्ने र विद्यालयबाट प्राप्त माग विवरण अनुसार श्रोत केन्द्रहरुले त्रैमासिक तलव विवरण तयार गरी निकासा विवरण तयार गर्नुपर्ने र सोही अनुसार निकासा दिनुपर्ने व्यवस्था छ। ईकाइले नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु पेश नभएकोले पालिकाबाट विद्यालयहरुलाई निकासा भएको शिक्षकहरुको तलव, पाठ्यपुस्तक, छात्रवृत्ति लगायत अन्य निकासाको यथार्थता विश्लेषण गर्न सकिएन।

### ३६ विद्यालय शिक्षक हाजिरी

कार्य संचालन निर्देशिका,२०७७ मा बिद्यालयहरुले चौमासिक निकासा माग गर्दा माग फारम साथ विद्यालयमा कार्यरत शिक्षकहरुको हाजिर रिपोर्ट पठाउनुपर्ने व्यवस्था छ। विद्यालयहरुले हाजिरीको अभिलेख नपठाएकोले शिक्षकको उपस्थिति खुलेको छैन। पालिकाले

विद्यालयहरुलाई माग फारमसँगै शिक्षकको हाजिर अभिलेख अद्यावधिक गरेर मात्र विद्यालयको निकासा पठाउनुपर्ने व्यवस्थाको पूर्ण पालना गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

## ३७ **पाठ्यपुस्तक**

३७.१ **निःशुल्क पाठ्यपुस्तक**:- कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ मा विद्यालयलाई पाठ्यपुस्तकबापतको रकम तेस्रो त्रैमासिक भित्र अनुदान दिने, यसरी अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र शैक्षिक सत्र २०७९ को विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप २५ प्रतिशतबाट अनुदान दिने र विद्यार्थीले शैक्षिक सत्रको सुरुवात मै पुरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी उपलब्धताको सुनिश्चितता गर्ने कार्य पालिकाको हुने व्यवस्था रहेको छ। तर पालिका अन्तर्गतका विद्यालयहरुलाई निःशुल्क पाठ्यपुस्तक वापतको पहिलो किस्तामा रकम रु. ३९,२६,९७१.४३ निकासा गरेको पाइयो । पहिलो किस्तामा निकासा रकमले विद्यार्थीहरुलाई पाठ्यपुस्तक पुगे नपुगेको तथा विद्यार्थीले शैक्षिक सत्रमा पाठ्यपुस्तक पाए नपाएको अनुगमन नगरि पुन: विद्यालयलाई रु. ७,३४,२८९.०० निकासा भएकोमा हालसम्म अनुगमन नगरेकोले निकासा भएको रकमको सहि सदुपयोग भएको छ भन्न सक्ने अवस्था भएन। यस वर्ष १ देखि १२ कक्षा सम्मका विद्यार्थीहरुलाई निःशुल्क पाठ्यपुस्तक वापत रु. ४६६१२६० खर्च लेखेकोमा विद्यार्थीले पाठ्यपुस्तक पाए नपाएको सो सम्वन्धमा स्थानीय तहबाट अनुगमन गरी पाठ्यपुस्तक उपलब्धताको सुनिश्चितता गर्नुपर्दछ।

३७.२ **पाठ्यपुस्तको बढी निकासाः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।०८१ क्रियाकलाप नं. २.४.६.१ वमोजिक EMIS बमोजिम विद्यार्थी संख्या सत्यापन गराई रकम निकासा गर्ने व्यवस्था रहेकोमा यस पालिकामा अनिवार्य विषयहरुको हकमा निम्नानुसारको विद्यालयले पेश विलभन्दा बढी भुक्तानी भएको रकम असुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.

| क्र.स | विद्यालयको नाम | भुक्तानी भएको | खर्च भएको | बढी भुक्तानी |
|---|---|---|---|---|
| १ | श्री दुलारी देवि माई आ.वि महुवासपुर | ३१५५५ | २३१३६ | ८४१९ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,४१९ |

## ३८ **दिवा खाजा**

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं. २.७.११.१ मा उल्लेख गरे अनुसार दिवा खाजा अनुदान निकासा दिदा बिद्यालय संचालन भएको दिनलाई आधार मानेर निकासा दिने, स्थानीय तहले दिवा खाजा उपलब्ध गराएको बिद्यालयको बिद्यार्थी दैनिकी हाजिर पुस्तिकाको प्रतिलिपि बिद्यालयका प्रधानाध्यापक र बिद्यालय ब्यवस्थापन खर्च समितिका अध्यक्षबाट प्रमाणित गराई विद्यार्थी संख्या एकिन गरी निकासा दिने उल्लेख छ । यस वर्ष पालिकाले विद्यालयलाई विभिन्न किस्तामा गरी जम्मा रु. १००८४६२०. निकासा दिएको छ । पालिकाले विद्यालयमा अनुगमन गरी निर्देशिका बमोजिम अन्तिम परिक्षामा सहभागी भएका विद्यार्थीको हाजिरीसँग IEMIS तथ्यांकसँग सत्यापन गराई निकासा भएको रकम एकिन गर्नुपर्ने देखिन्छ ।

## ३९ **छात्रावृत्ति अनुदान**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं ७.२.१.१मा EMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन भरी विद्यार्थी संख्या यकिन गरी मात्र छात्रवृति अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ । पालिकाले EMIS मा प्रविष्टि भएको तथ्याङ्कको आधारमा देहायका विद्यालयमा रु १६१९२०० निकासा गरेको छ । EMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन नगरी विद्यार्थी संख्या मात्र यकिन गरी छात्रवृति अनुदान निकासा गरेको नियमसंगत देखिदैन । अत: पालिकाले सत्यापन पश्चात निकासा दिने र सोको नियमन एंव अनुगमान गर्दुपर्दछ ।

## ४० **एकमुष्ठ अनुदान**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ मा शिक्षक दरबन्दी र राहत अनुदान प्राप्त नगरेका विद्यायलहरुलाई एकमुष्ट अनुदान १० लाख उपलब्ध गराउने उल्लेख छ । सो बमोजिम निम्नानुसारका विद्यालयहरुलाई एकमुष्ठ १० लाखका दरले ३ वटा विद्यालयलाई ३०

लाख निकासा दिएको छ । नगरपालिकाले उक्त विद्यालयलाई निकासा भएको रकम बमोजिमको शिक्षक नियुक्ति गरे नगरेको सम्बन्धमा अनुगमन गरेको पाइएन । अनुदान निकासा बमोजिमको शिक्षक नियुक्ती, पारिश्रमिक भुक्तानी अनुगमन गरी यकिन हुनुपर्दछ ।

| क्र.स | विद्यालयको नाम | भुक्तानी रकम |
|---|---|---|
| १ | श्री दुलरा देवीमाई महुवासपुर्व | १०००००० |
| २ | श्री ने.रा.प्रा.वि नँयाटोल वेलवा | १०००००० |
| ३ | श्री शिर्षागढी प्रा.वि वन्ठाकट्टि | १०००००० |
| | | ३०००००० |

४१ **प्राविधिक विद्यालयलाई अनुदान**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रकासन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०/८१ को क्रियाकलाप नं. २.७.१३.५० मा शिक्षण सिकाई सामाग्री तथा Lap assistant, equipment and practical material, OJT, operation cost) व्यवस्थापनका लागि प्रति विद्यार्थी वार्षिक रु १५ हजारका दरले भुक्तानी दिने व्यवस्था रहेको छ । साथै अनुदान प्राप्त गर्ने निर्णय भएका अनुसुचि ११ मा उल्लेखित विद्यालयलाई तोकिएको मापदण्ड अनुसार सञ्चालन भए नभएको अनुगमन गर्ने. विद्यार्थी संख्या एकिन गर्ने समेत व्यवस्था रहेको छ । श्री मणि मा.वि थस्कौल लाई ८८ जना विद्यार्थी वापत रु १३२०००० भुक्तानी दिएको छ । त्यसको विद्यार्थी संख्या एकिन गरी एंव विद्यालय संचालनको अवस्था अनुगमन गरी त्यसको प्रतिवेदन पेश गर्नुपर्दछ ।

४२ **निःशुल्क शिक्षा**

नेपालको संविधान २०७२ को अनसुचि ८ अनुसार आधारभूत माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूचि अन्तर्गत रहेको देखिन्छ।अनिवार्य तथा निःशुल्क शिक्षा सम्वन्धी ऐन २०७५ को दफा २७ मा नीजि लगानीका विद्यालयले प्रारम्भिक वालविकास शिक्षादेखि १२ कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पाँचसय जनासम्म,पाँचसय देखि आठ सय जनासम्म र आठ सय भन्दा वढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तिमा दश,वाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नु पर्ने व्यवस्था छ।शिक्षा नियमावली २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरिव,अपांग,महिला,दलित र जनजाति विद्यार्थीलाई छात्रवृति उपलव्ध गराउनु पर्ने व्यवस्था छ।यसर्थ पालिकाले आफ्नो क्षेत्र भित्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृति कार्यक्रम कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनको लागि यसरी छात्रवृति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिका र सम्वन्धित विद्यालयको वेभसाइटवाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ।

४३ **स्यानिटरी प्याड** (६४-२०८०-१२-२५):

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु २००६ जना रहेका छन। पालिकाले सशर्त चालु शीर्षकबाट २८४६६४ पिस स्यानिटरी प्याड रु.२४९२९४४ (मु अ कर समेत) मा गढीमाई जनरल सप्लार्स(६०८०५१८१७) बाट खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

४४ **आमा तथा नवजात शिशु कार्यक्रम**

स्थानिय तहमा कार्यक्रम संचालन मार्गदर्शन (सशर्त अनुदान मार्फत हस्तान्तरण कार्यक्रम) २०८०।८१ को नवशिशु कार्यक्रम अनुसार तराई जिल्लामा सुत्केरीलाई यातायात भत्ता वापत रु. १००० दिने व्यवस्था रहेको छ । पालिले पालिको आन्तरिक स्रोतबाट रु. ५०० थप गरि रु.१५०० दिने व्यवस्था गरेको देखिन्छ । पालिले थप गर्ने रु.५०० आन्तरिक स्रोत मार्फत भुक्तानी हुनुपर्नेमा संघीय सशर्त मार्फत भुक्तानी भएकोले पालिकाले आन्तरिक स्रोतबाट संघीय संचित कोषमा सोधभर्ना हुनुपर्ने रु.

| क्र.स | बर्थिङ्ग सेन्टर | जम्मा | भुक्तानी |
|---|---|---|---|
| १ | स्वास्थ्य चौकी रमपुर्वा बारा | २०२ | १०१००० |
| २ | कोल्हवी प्राथमिक स्वास्थ्य केन्द्र | ८४ | ४२००० |
| ३ | प्रसौनि स्वास्थ्य चौकी | २१ | १०५०० |
| | | | १५३५०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,५३,५०० |

४५ **न्यानो झोला कार्यक्रम**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०।८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस वर्ष तीन वटै वर्थिङ्ग सेन्टरमा ५८७ प्रसुति भएको छ । गत पालिकाले उपलब्ध गराएको विवरण अनुसार गत वर्षको ३२० थान मौज्दात रहेकोमा यस वर्ष सहज एण्ड शुलभ इन्टरप्राइजेज बाट ११०० थान रु.९८८१८५(भ्याट सहित) मा खरिद गरि यस वर्ष ५८७ खर्च भई ८३३ थान मौज्दातमा रहेको अभिलेखमा देखिन्छ । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

४६ **औषधि खरिद**

४६.१ सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ मा सार्वजनिक खरिदको सन्दर्भमा सार्वजनिक खरिद सम्बन्धी कार्यविधि, प्रक्रिया तथा निर्णयलाई खुला, पारदर्शी, वस्तुनिष्ठ र विश्वसनिय बनाउन, सार्वजनिक खरिद प्रक्रियामा प्रतिस्पर्धा, स्वच्छता, ईमान्दारीता, जवाफदेहीता र विश्वसनियता प्रवर्द्धन गरी मितव्ययी तथा विवेकपूर्ण ढंगबाट सार्वजनिक खर्चको अधिकतम प्रतिफल हासिल गर्नुपर्ने उल्लेख गरेको छ । यस वर्ष पालिकाले संघीय ससर्त अनुदानबाट सिलबन्दि दरभाउपत्र विधिमार्फत रु.१५९९९९९ रकम बराबरको औषधि सेतिदेवि मेडिसिन सम्पार्यस प्रा.लि बाट गरि गरि गो.भौ.नं./मिति३१/२०८०।१०।२३ गते भुक्तानी दिएको र पालिका पूँजीगत गो.भौ.नं./मिति २१३/२०८१।१।२४ गते सेतिदेवी मेडिसिन सप्लायर्स प्रा.लि बाट रु.१९९९९६५ बराबरको औषधि खरिद गररि भुक्तानी दिएको देखिन्छ । पालिकाले एकै वर्ष रु. ३५९९९६४ बराबरको औषधि खरिद गरेको देखिन्छ । पालिकाले आवश्यकताको पहिचान गरी वर्षभरी लाग्ने औषधिको अनुमान गरि विद्युतिय वोलपत्र मार्फत गरिद गरि आवश्कता अनुसारको उपलब्ध गराउने सर्तमार्फत खरिद गरिएको अवस्थामा खरिद प्रकृया बढि मितव्ययी हुनसक्न अवस्था रहन्थ्यो ।अतः एकै आपसमा अन्तर सम्वन्धित भएका एकै स्थान र एकै प्रकृतिको कार्यहरु कार्यान्वयन गर्दा प्रतिस्पर्धा सिमित नहुने, पारदर्शिता र value for money कायम हुने गरी स्वीकृत गराई उपयुक्त विधि मार्फत खरिद कार्य गर्नु पर्दछ ।

४६.२ पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा…महिना वाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यस वर्ष पालिकाले संघीय ससर्त अनुदानबाट सिलबन्दि दरभाउपत्र विधिमार्फत रु.१५९९९९९ रकम बराबरको औषधि सेतिदेवि मेडिसिन सम्पार्यस प्रा.लि बाट गरि गरि गो.भौ.नं./मिति३१/२०८०।१०। २३ गते भुक्तानी दिएको र पालिका पूँजीगत गो.भौ.नं./मिति २१३/२०८१।१।२४ गते सेतिदेवी मेडिसिन सप्लायर्स प्रा.लि बाट रु.१९९९९६५ बराबरको औषधि खरिद गररि भुक्तानी दिएको देखिन्छ । पालिकाले एकै वर्ष रु. ३५९९९६४ बराबरको औषधि खरिद

गरेको देखिन्छ । आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ

४७ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ८ योजना सञ्चालन गरी यस वर्ष ७९ जनालाई औसत ४८ दिनले ३८०१ दिन रोजगारी उपलव्ध गराई रु. २५३९७३६ श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

४८ **सामाजिक सुरक्षा**

सामाजिक सुरक्षा कार्यक्रम संचालन सबै वडामा ईएफटी मार्फत लाभग्राहीको खातामा रु. १७८६३६५०० निकासा दिएको देखिन्छ । यस आर्थिक वर्षमा १२१५ जना नयाँ थप र १०३९ जना लगत कट्टा भई ७४५१ जना लाभग्राही कायम भएको छ । यस अन्तर्गत देखिएको व्यहोरा निम्नानुसार रहेका छन् ।

४८.१ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को वुंदा १५(३) बमोजिम भत्ता प्राप्त गर्ने लाभग्राहीले सोही आर्थिक वर्षभित्र रकम बुझिसक्नु पर्नेछ र दफा २६ (३) बमोजिम एक आर्थिक वर्षमा एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसूची ११ बमोजिम एक आर्थिक वर्षमा एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसूची ११ बमोजिमको ढाँचामा प्राप्त गरि त्यस्ता लाभग्राहीको सम्बन्धमा स्थानिय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यृ भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नु पर्ने व्यवस्था भएको तथा लगत कट्टा भई फिर्ता हुने रकम सन्दर्भमा सम्बन्धित शाखाले बैकलाई फिर्ता गर्ने पत्र बमोजिम बैंकबाट फिर्ता गरे नगरेको एकिन गरि प्रतिवेदन तयार गर्नुपर्नेमा नगरेकोले त्यसतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

४८.२ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को वुंदा ११ बमोजिम लगत कट्टा गर्नुपर्ने लाभग्राहीको लगत कट्टा गरी लगत अद्यावधिक समयमा नै गर्नुपर्नेमा सो अनुसार गरिएको पाइएन ।

४८.३ **पारदर्शिता**:- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को वुंदा ३२ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिशका आधारमा स्थानिय तहको सभामा पेश गर्नुपर्ने, स्थानिय तहले संचालन गरेको कार्यक्रमको त्रैमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समिक्षा गर्नुपर्ने, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्नुपर्ने व्यवस्था गरेकोमा पालिकाले उल्लेखित व्यवस्था परिपालना गरेको पाइएन।तसर्थ निकासा गरीएको भत्ता यथार्थपरक छ भन्न सकिएन। अतः पालिकाले लाभग्राही नामनामेसी विवरण अद्यावधिक गरेर मात्र भत्ता रकम वितरण गर्नुपर्दछ ।

४८.४ **अनुगमन तथा सुपरिवेक्षण**:- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को वुंदा २५ मा बैंकले लाभग्राहिको खातामा रकम जम्मा भएको स्पस्ट देखिने गरी लाभग्राहीको नाम, बैंक खाता नम्वर र जम्मा भएको रकम सहितको विवरण अनुसुचि-१३ बमोजिमको

चौमासिक रुपमा सम्वन्धित स्थानीय तहलाई विद्युतिय माध्यमवाट पठाउनुपर्नेछ र यसै विवरणलाई रकम वितरण भएको भरपाई मानिने उल्लेख छ। त्यसैगरी वुंदा २८ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानिय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मुल्याङकन गरि भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्ने उल्लेख छ। त्यस तर्फ पालिकाको ध्यान जानु पर्ने देखिन्छ ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : कोल्हवी नगरपालिका, बारा , कोल्हवी नगरपालिका , बारा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | श्री पितानाथ लुईटेल | २०८१-११-२३ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | श्री राममणि अधिकारी | २०८०-२-८ | २०८०-५-२५ |
| कार्यालय प्रमुख | भरत प्रसाद यादव | २०८०-६-२३ | २०८०-९-१९ |
| कार्यालय प्रमुख | श्री वासुदेव खतिवडा | २०८०-९-२० | २०८०-११-२३ |
| लेखा प्रमुख | सुरेन्द्र प्रसाद चौधरी | २०७८-४-३२ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ९,६६४,११७.९९ | ३,८८३,८९१ | २१,५९८,६१६ | ० | ० | २,५१५,००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ३७,६६१,६२४.९९ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ३७,६६१,६२४.९९ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ५११३०९८२.४६ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३५३८९५९६८.५ | चालु खर्च | ३४२०७७४५९.५ |
| प्रदेश सरकारबाट अनुदान | १२३९२७५० | पूँजीगत खर्च | १९८७६८९०८.५ |
| राजश्व बाँडफाँट | १३०६०१५९७.९ | वित्तीय/अन्य व्यवस्था | ४५६०४०७८.३७ |
| आन्तरिक आय | १३२७५८२३.३ | | |
| अन्य आय | ४९९८९४११.५८ | | |
| कुल आय | ५६०१५५५५१.२८ | कुल खर्च | ५८६४५०४४६.३७ |
| बाँकी मौज्दात | | २४८३६०८७.३७ | |

## अनुसूची - २

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वियन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुन्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वियन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण नहुने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वियन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन।आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ।पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।